“प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि,समतामूलक बिकास इन्द्रसरोवरको समृद्धि”

# इन्द्रसरोवर गाउँपालिका

कुलेखानी, मकवानपुर

## इन्द्रसरोवर गाउँपालिका अध्यक्ष श्री देवकृष्ण पुडासैनीज्यू द्वारा प्रस्तुत आ.व.२०७९/०८० को नीति तथा कार्यक्रम

## गाउँ सभा

१० असार, २०७९

**सम्मानित सभाका सभाध्यक्ष ज्यू,**

**गाउँ सभाका सदस्य ज्यूहरू,**

स्थानीय तहको स्थापना भए पछि पहिलो निर्वाचनबाट निर्वाचित भएका जनप्रतिनिधिहरुको कार्यकाल सम्पन्न भई सकेको छ र दोस्रो कार्यकालको निर्वाचन सम्पन्न भई निर्वाचित जनप्रतिनिधि मार्फत कार्य प्रारम्भ गरिसकेका छौ। पहिलो कार्यकालमा यस इन्द्रसरोवर गाउँपालिकाको विकासको आधार तयार गर्न महत्वपूर्ण भुमिका निर्वाह गर्नुहुने सम्पूर्ण निवर्तमान जनप्रतिनिधिहरू र हामीलाई निर्वाचित गर्नु हुने सम्पूर्ण इन्द्रसरोवर निवासीहरुमा हार्दिक धन्यवाद तथा आभार ब्यक्त गर्दछु।

इन्द्रसरोवर गाउँपालिकाको गरिमामय दसौं तथा दोस्रो कार्यकालको पहिलो गाउँ सभामा आगामि आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म असाध्यै हर्सित छु। साथै यस इन्द्रसरोवर गाउँपालिकाको गरिमामय सभामा सहभागी गाउँपालिकाका उपाध्यक्ष,प्रमुख प्रशासकीय अधिकृत,सम्मानित गाउँ सभाका सभासदस्यहरु तथा सभामा उपस्थित सम्पूर्णमा न्यानो अभिवादन अर्पण गर्दै सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा शान्ति, सुशासन, विकास र सम्वृद्धिको आकांक्षा पुरा गर्न संघ, प्रदेश र स्थानीय तहको गठन भई पाँच बर्ष व्यतित भई सकेको छ । संघ प्रदेश र स्थानिय तहको विचमा सहकारीता, समन्वय, सहयोग र सह—अस्तित्वबाट संम्वृद्ध राष्ट्र निर्माण गर्नु हामी सबैको साझा दायित्व हो ।उक्त दायित्व पुरा गर्नका लागि यस नीति तथा कार्यक्रमले एउटा ईट्टा थप्नेछ भन्ने विश्वास लिएको छु।

नेपालको सार्वभौम सत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित र स्वाभिमान, लोकतन्त्र, लैङ्गिक समानता र सामाजिक न्याय लगायत आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरणका लागि भएका विभिन्न आन्दोलनहरुमा अग्र पंक्तिमा रहेर योगदान गर्नु हुने सम्पुर्ण अग्रज विर पूर्खाहरु प्रति उच्च सम्मान व्यक्त गर्दै यस अभियानमा आफ्नो अमुल्य जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । विभिन्न आन्दोलनमा घाइते तथा अपाङ्गता भई कष्ठकर जिवन बिताई रहनु हुने सहयोद्धाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

संघिय व्यवस्था बमोजिम गठीत तीनै तहका सरकारको लक्ष्य तथा उद्देश्य सन्तुलित उत्पादन र न्यायोचित वितरण हो । सबै जाती, वर्ग, लिंङ्ग, क्षेत्र र विभिन्न अवस्थामा रहेका समुदायका नागरिकहरुको जिवनमा आर्थिक, सामाजिक र साँस्कृतिक दृष्टिकोणबाट समेत स्पष्ट लाभको अनुभुत गर्ने गरी दिगो, सकारात्मक, गुणस्तरीय र समन्यायीक गुण सहितको परिवर्तन ल्याउन आवश्यक छ ।

यसको प्रभावकारी कार्यान्वयनका लागि एकात्मक केन्द्रीकृत शासन प्रणालीको तुलनामा संघीय शासन प्रणालीमा नै नागरिकलाई सरकारसंगको सहज पहुँच स्थापित हुने विश्वास लिएर नेपालको संविधानले

संघीयता अवलम्बन गरेको छ। यसै सन्दर्भमा नागरिकका यीनै सवालहरु संघ, प्रदेश र स्थानीय तहका सरकारका साझा गन्तव्य बन्नु पर्छ र बनाउनु पर्दछ । यसका लागि तीन वटै तहमा आ आफ्नो काम, कर्तव्य र अधिकारका क्षेत्रमा स्पष्टताका साथ आपसी समन्वय र सहकार्य गरी समृद्धिको यात्रामा अगाडी वढ्न सबै पक्षसंग हार्दिक अपिल गर्दै यहाँहरुसंग निरन्तर हातेमालो गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

देशले लिएको राजनैतिक, आर्थिक, सामाजिक र भौतिक विकासका लक्ष्यहरुलाई पुरा गर्न नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, १५ औ. आवधिक योजना, संघीय सरकारका नीति तथा कार्यक्रम, प्रदेश सरकारका नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्यहरु, गाउँपालिकाका आवश्यकताहरु तथा इन्द्रसरोवर निवासी नागरिकका इच्छा चाहानाहरुलाई समेत यस नीति तथा कार्यक्रममा समावेश गर्ने प्रयास गरेको छु । आगामी आ.व.मा जनताले राखेको अपेक्षालाई संम्बोधन हुने गरी आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास, लैगिक समानता, सामाजिक न्याय र सुशासनको सम्बन्धमा हाम्रो आवश्यकता र क्षमतालाई समेत मध्यनजर गर्दे आगामी आ.व.२०७९/०८० को नीति तथा कार्यक्रम पेश गरेको छु ।

संघियता कार्यान्वयनको जगमा हाम्रो गाउँपालिका विकासको प्रारम्भिक चरणमा छ । पुर्वाधार विकास हाम्रो पहिलो आवश्यकता भएको कारण घरघरमा खानेपानी, वाह्रै महिना चल्ने ग्रामिण सडक, मा.वि. सम्म निःशुल्क शिक्षा, गुणस्तरिय सर्बसुलभ स्वास्थ्य सेवा, वृहत सिंचाई, गुणस्तरीय विद्युतिकरण, सुरक्षित र उज्यालो वजारका लागि सौर्य वत्ति तथा सिसिटिभि जडान लगायत गाउँपालिका र वडा पालिका कार्यालयहरुको प्रशासनिक भवनहरुको निर्माण जस्ता विकासका पूर्वाधार तयार गर्न नै धेरै वजेट खर्च गर्नु पर्ने वाध्यता हामीसँग छ । यसका बावजुत पनि कृषि, पर्यटन, पशुपालन, व्यापार व्यवसाय तथा उद्योग प्रवर्द्दन लगायतका आर्थिक, सामाजीक, साँस्कृतिक एवं मनोसामाजीक समस्याका क्षेत्रमा योजनावद्ध ढंगले नीतिहरु निर्माण गरी कार्यान्वयन गरिनेछ । महिला, वालवालिका, अपाङ्गता, जेष्ठ नागरिक, गरिव तथा पछाडि परेका वा पारिएका वर्गको सशक्तिकरणका लागि विशेष योजना बनाई लागु गरिनेछ।

संघीयताको अवधारणा अनुरूप नेपालको संविधानले स्थानीय तहहरूलाई कार्यकारी, व्यवस्थापकीय र न्यायिक अधिकारहरु सुनिश्चित गरेको छ । जसले गर्दा स्थानीय तहहरू अन्य तहका सरकारहरूसंग सहकारिता, सह–अस्तित्व र समन्वयको सिद्धान्तका आधारमा सम्बन्ध कायम गरि व्यवस्थापकीय, कार्यकारी र न्यायिक अधिकारहरु प्रयोग गर्न सक्षम बनेका छन् । सशस्त्रद्वन्दको रुपान्तरण पश्चात संक्रमणकालिन व्यवस्थाको अन्त्य भई संघीयताको सफल कार्यान्वयनसंगै नागरिकले सबैभन्दा नजिकबाट देख्ने र भेट्ने सरकारको रुपमा स्थानीय सरकार रहेको छ ।

स्थानीय सरकारबाट प्रदान गरिने सेवा नै छिटो र प्रभावकारी हुन्छ भन्ने संघीयताको मूल मर्म अनुरुप नीति, नियम, ऐन कानुन, योजना तथा वजेट तर्जुमा गरि यसको कार्यान्वयन स्थानीय स्तरमै प्रभावकारी

ढंगले भइरहेका छन् । हामीले गाउँपालिकाको समग्र विकासमा आम नागरिकले महसुस गर्ने गरी उल्लेख्य सुधारका कामहरुको थालनी गरेका छौ र नागरिकलाई "गाउँ गाउँमा सिंहदरवार, घरघरमा स्थानीय सरकार" को अनुभुति दिन सफल भएका छौ । यसका वावजुत पनि गाउँपालिकाको समग्र विकासको लागि पालिका स्तरिय गौरवका आयोजनाहरुको संचालन, सम्पन्न भएका योजनाहरुको हस्तान्तरण र संस्थागत विकास तथा लक्षित समुदायको सामाजिक सुरक्षा, स्वरोजगार एवं जनजीविकाको सवालमा गर्नुपर्ने कार्यहरु अझै धेरै बाँकी रहेको अनुभूति गरिरहेका छौं ।

यसको उचित सम्वोधनका लागि चालु आ.व. ०७९/८० मा अझै तिव्र गतिमा आयोजनाहरु सम्पन्न गरी यो महत्वपूर्ण तथा ऐतिहाँसिक कार्यकाल सफल बनाउन एक कोशेढुंगा सावित हुने विश्वास लिएको छु ।गाउँपालिकालाई अझै सबल र समृद्ध बनाउन हामीसँग उपलब्ध भएको सिमित श्रोत साधनको अधिकतम् सदुपयोग गरी नयाँ जोश जाँगरका साथ समग्र विकास निर्माणमा दत्तचित्त भएर जिम्मेवारी निर्वाह गर्न सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक अपील गर्दछु । साथै इन्द्रसरोवर निवासी जनताको भावना र आवश्यकताको उच्च सम्मान गर्दै गाउँपालिकालाई सुन्दर, शान्त र समृद्ध बनाउने अभियानलाई दीर्घकालीन उद्देश्य राखी यस गाउँपालिकाको समग्र राजनैतिक, आर्थिक सामाजिक र सांस्कृतिक विकासमा अगाडी बढाउन हामी मन, वचन र कर्मले सधै प्रतिवद्ध र कटिवद्ध बनेका छौ र बनिरहने छौं भन्नेमा एकमत छौं ।

**<u>आदरणीय सभाध्यक्ष महोदय</u>**

यस इन्द्रसरोवर गाउँपालिकाको विकासका लागि कृषिमा आधुनिकीकरण, व्यबसायीकरण र बजारीकरण गर्ने, पर्यटन प्रवर्द्धन, गुणस्तर सहितको प्राविधिक शिक्षा, स्वास्थ्य सेवामा पहुँच सहित सर्वसुलभ सेवा प्रवाह, समतामुलक समाज, दिगो प्रयोगमैत्री पूर्वाधार, जैविक विविधताको संरक्षण गर्दै समाजवाद उन्मुख अर्थतन्त्रको आधारशिला निर्माण गर्न "प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि : समतामुलक विकास इन्द्रसरोवरको समृद्दि" नारालाई यस नीति तथा कार्यक्रमले साकार पार्न महत्वपूर्ण योगदान पुर्याउनेछ भन्ने विश्वास लिएको छु।

**<u>आदरणीय सभाध्यक्ष महोदय,</u>**

आगामी आ.व. २०७९/८० को नीति तथा कार्यक्रमको प्रथामिकताका क्षेत्रहरु गरिमामय सभामा प्रस्तुत गर्दछुः

क) कृषिको आधुनिकिकरण, व्यवसायीकरण र बजारीकरण

ख) पर्यटन पूर्वाधार निर्माण तथा पर्यटन प्रवर्द्धन

ग) गुणस्तरीय र दिगो पूर्वाधार विकास

घ) प्राविधिक तथा गुणस्तरीय शिक्षा

ङ) गुणस्तरिय तथा सर्वशुल्भ स्वास्थ्य सेवा

च) आर्थिक विकासको लागि रोजगारी सिर्जना

छ) भ्रष्टचार नियन्त्रण, सुशासन र सेवा प्रवाहमा प्रभावकारिता

ज) विभेद र असमान्ताको अत्य, समन्यायिक विकास र विकासको प्रतिफलको न्यायोचित वितरण

झ) विपद व्यवस्थापन

**<u>आदरणीय सभाध्यक्ष महोदय</u>**

अब म क्षेत्रगत रूपमा नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

**राजश्व सम्बन्धी नीतिः-**

- गाउँपालिकाको विकासको आवश्यकता पूरा गर्नका लागि आवश्यक पर्ने राजस्व संकलन गरी यस गाउँपालिकालाइ आत्मानिर्भर बनाउन आन्तरिक राजस्वको दायरालाई वृद्दि गरिनेछ सथै राजस्वका थप क्षेत्रहरु पहिचान गरी राजस्व वृद्दिमा जोड दिइनेछ।
- गाउँपालिकाको राजश्वको अभिबृद्धि गर्न गाउँपालिकाबाट उपलव्ध गराइएका सेवा सुविधा बापत न्यूनतम सेवा शुल्क निर्धारण गरिनेछ ।
- गाउँपालिकाभित्र रहेका सम्पूर्ण उद्योग तथा व्यवसायहरुलाई उत्पादन प्रणालीमा असर नपुग्ने गरी राजश्वको दायरा भित्र समिटिनेछ ।
- राजश्व संकलन भार होइन समृद्दिको आधार भन्ने चेतना अभिवृद्दि गराइ "स्वेच्छिक कर सहभागितामा अभिवृद्धि : सुशासन, विकास र समृद्धि" नारालाई आत्मसात गरिनेछ ।
- सेवा शुल्क निर्धारण गर्दा सामाजिक न्यायका आधारमा उपेक्षित वर्गका लागि सहुलियत हुने गरि सेवा शुल्क निर्धारण गरिनेछ ।
- असल करदाताहरुलाई प्रोत्साहन गर्दै कर संकलन कार्यका लागि सकारात्मक प्रतिष्पर्धाको वातावरण सिर्जना गरिनेछ ।
- स्थानीय उद्योग तथा व्यवसाय प्रवद्र्धन र रोजगारी सिर्जनामा टेवा पुर्याउने कर नीति अवलम्बन गरिनेछ।
- गुठिको नाममा भएको जग्गा कानुन अनुसार सम्बन्धित व्यक्तिको नाममा ल्याउन पहल गरिनेछ।
- नापी नक्सा भएको दर्ता छुट रहेको जग्गालाई छुट दर्ता गरि जग्गा धनि पुर्जा दिलाई दिन पहल गरिनेछ।

- गाउँपालिका क्षेत्र भित्र रहेका क्रसर उद्योग, ढुङ्गागिटी वालुवा लगायत ठुला उद्योगलाई दिगो, वातावरण मैत्री, वैज्ञानिक र व्यवस्थित वनाइनेछ ।
- स्वास्थ्य, शिक्षा, कृषि , विपद् र विपन्न नागरिकहरुलाई गाउँपालिकाबाट गरिने सिफारिसमा शुल्क नलाग्ने व्यवस्था मिलाइने छ ।
- राजस्व प्रशासनलाई अझ चुस्त र पारदर्शी बनाउन गाउँपालिका र सबै वडा कार्यालयहरुमा राजस्व प्रशासनका लागि सफ्टवेयर जडान गरी कम्प्युटर बिलिङको सुरुवात गरिनेछ । राजस्व प्रशासनमा काम गर्ने कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।
- व्यवसायको पहिचान, दर्ता, अभिलेखीकरण र वर्गीकरण गरि व्यवसायलाई व्यवस्थित गर्न सफ्टवेयर प्रणलीमा आवद्ध गर्ने साथै वर्गीकरण र कारोवारको आधारमा व्यवसाय करको दर निर्धारण गरी राजश्व संकलन गरिनेछ ।

- गाउँपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा सुविधाहरू आदिको अभिलेख तयार गरी अद्यावधिक गरिनेछ ।
- गाउँपालिकाको राजस्व प्रशासनलाई थप प्रभावकारी बनाउन, राजस्व परामर्श समितिको सक्रियतामा समितिले नियमित राजस्व असुलीको अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।
- चालु खर्चलाई निश्चित सिमामा राखी पूँजीगत खर्चमा अभिवृद्धि गरिनेछ ।
- आम्दानी र खर्चलाई वर्गीकरण तथा लेखाकंन गरी आन्तरीक नियन्त्रण प्रणाली र लेखा परिक्षण प्रणलीलाई सफ्टवेयर प्रणालीमा आवद्ध गरिनेछ ।
- विभिन्न धार्मिक स्थल र पार्क तथा पर्यटकको गन्तव्य स्थल निर्माण गरी पर्यटन शुल्क मार्फत गाउँपालिकाको राजश्वको दायरा बढाइने छ ।
- एकीकृत सम्पत्ती कर लागू गर्न आवश्यक प्रबन्ध मिलाइनेछ साथै कर प्रशासनको समयानुकुल सुधार गरिनेछ ।
- नेपाल विद्युत प्राधिकरणले चर्चेको जग्गाको मालपोत लिनको लागि पहल गर्ने छ।
- समय सापेक्ष अनुसार दरभाउ निर्धारण गरिने छ।
- सार्वजनिक जग्गामा बनेको घर टहरालाई करको दायरामा ल्याइने छ।

**आदरणीय सभाध्यक्ष महोदय,**

## आर्थिक बिकास सम्बन्धी नीति :

### क) कृषि तथा पशु विकास सम्बन्धी नीति

- व्यवसाय दर्ता अभियान, कृषिमा आधुनिकीकरण र व्यवसायीकरण तथा लघु, घरेलु, साना, मझौला उद्यम,स्थानीयस्तरमा उत्पादन हुने फलफूल तथा तरकारी व्यवसायिक खेती प्रवर्द्धन गरिनुको साथै गाउँपालिकालाई तरकारीको जोन तथा पशुपालन पकेटको रुपमा बिकास गरिनेछ ।
- कृषकहरुलाई कृषि र पशुपालनका क्षेत्रमा व्यवसायीक बन्न प्रोत्साहन गरिनेछ।गोठ,खोर तथा मलखाँद सुधार कार्यलाई प्राथमिकता दिई रसादीको उत्पादन गर्दै विषादी र रासायनिक मललाई क्रमशः न्यूनीकरण साथै जैविक विषादीलाई प्रवर्द्धन गर्दै लगिने छ।
- व्यवसायिक रुपमा पशुपालन गर्ने कृषकहरुलाई निःशुल्क रुपमा पशुको लागि कृत्रिम गर्भाधान प्रक्रियालाई व्यवस्थित गर्दै निरन्तरता दिईने छ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका सहकारीहरु मार्फत एकीकृत कार्यक्रम सञ्चालन गर्न गराउन जोड दिइनेछ ।
- ब्यबसायिक तथा स्वरोजगार हुन चाहने बिशेष गरी कृषि तथा पशु पन्छी ब्यबसायी तथा किसानहरुलाई स्थानीय सहकारीहरुबाट लिएको ऋणमा ऋण लिंदा तोकिएको उद्देश्य अनुसारको ब्यबसाय गर्ने शर्त सहित गाउँपालिका बाट स्वीकृत कार्यविधि अनुसार अधिकतम रु,१० लाख र

सानो तथा मझौला कृषि तथा पशु पन्छी ब्यबसाय गर्न चाहने किसानलाई न्युनतम २ लाख सम्म ऋणमा ७०% सम्म ब्याज सहुलियत अनुदान आवश्यकता र औचित्यका आधारमा दिने नीतिलाई निरन्तरता दिईनेछ ।साथै स्वःलगानीमा कृषि तथा पशु ब्यबसाय गर्ने किसानलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।

- कृषि उत्पादकत्वमा वृद्धि गरी कृषिमै आत्मनिर्भर हुनेगरी कृषिको उत्पादनमा दोब्बर बनाउने,उत्पादित कृषि सामाग्रीहरुको प्रशोधन र भण्डारण तथा बजारीकरणको सुनिश्चिता बनाउने लक्ष्यका साथ कृषिलाई आधुनिकरण र ब्यबसायीकरण गरिनेछ र अनुदान वितरण प्रक्रियामा संघ तथा प्रदेश सरकारसंगको नीतिलाई अनुसरण गरिनेछ ।
- गाउँपालिका भित्रका कृषि योग्य जमिनमा सिंचाई सुविधा विस्तार गरिनेछ ।बाँझो बारीहरु अधिकतम उपयोग गर्ने, करार खेति, सहकारी खेतिलाई प्रोत्साहन गर्दै प्रांगारिक खेतिमा सहयोग पुर्याउने बिशेष कार्यक्रम संचालनमा ल्याउँन सुरुवात गरिनेछ।
- गाउँपालिकाको कृषि शाखाबाट संचालन गरिने सम्पूर्ण कार्यक्रमहरु नियमानुसार कृषक समुह तथा कृषि सहकारी मार्फत संचालन गरिनेछ साथै व्यक्तिगत कृषि फर्महरुलाई पनि कार्यक्रमहरुमा सहभागी हुन प्रोत्साहित गरिनेछ ।
- गाउँपालिका भित्रका पशु पालन व्यवशायलाई वैज्ञानिकिकरण गरि पशुजन्य उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर बनाउन निःशुल्क खोप तथा औषधि वितरण कार्यक्रम, पशु विमा अनुदान कार्यक्रम, आधुनिक मेसिनरी औजार वितरण कार्यक्रम, पशु स्वास्थ्य शिविर संचालन, मौसम अनुसारको घाँसको बिउ/बेर्ना वितरण कार्यक्रम, lab reagent and equipment /surgery equipment खरिद गरि lab को स्थापना, उत्कृष्ट फर्म प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ।
- साना तथा न्युन आय भएका किसानहरुको लागि बैंक संगको सहकार्यमा किसान क्रेडिट कार्ड वितरण गरिनेछ।
- प्रांगारिक कृषि प्रवर्दन कार्यक्रम अन्तर्गत भर्मी कम्पोस्ट वेड निर्माण गर्ने,प्रांगारिक उत्पादन गर्ने किसानलाई उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम गर्ने तथा प्रांगारिक कृषि बजारको स्थापना गरिनेछ।
- कृषकको पहिचान तथा वर्गिकरण गरि कृषि पेशालाई थप व्यवस्थीत बनाउन कृषि तथ्यांक संकलन गरि गाउँ कृषि प्रोफाइल तयार गरिनेछ।
- प्रस्तावनामा आधारित कृषि फर्म अनुदान कार्यक्रम संचालन गरिनेछ, वेमौसमी तरकारी खेति प्रवर्दन ( टनेल निर्माण ) कार्यक्रम संचालन गरिनेछ।
- गाउँपालिकामा उत्पादन भएका स्थानीय कृषिजन्य बस्तुहरुको प्रचार-प्रसार गरि बजारिकरणमा सहयोग गर्न गाउँपालिका स्तरीय कृषि मेला प्रदर्शनी संचालन गरिनेछ।
- कृषकलाई कृषि पेशा प्रति थप समर्पित बनाउन **गाउँपालिका अध्यक्ष उत्कृस्ट कृषक सम्मान** कार्यक्रम संचालन गरिनेछ।
- आवश्यकताको अध्ययन गरि पुष्प खेति विस्तार कार्यक्रम, रैथाने बाली प्रवर्दन तथा विस्तार कार्यकम, वडा स्तरीय बालि शिविर संचालन गरिनेछ, कुरिलो खेति विस्तार कार्यक्रम, सल्लेमले डाँडा लगाएतका अन्य क्षेत्रहरुमा पर्यटन प्रवर्दन गर्न चिया बगैचा निर्माणका लागि आवश्यक अध्ययन गरिनेछ ।

- कृषक दर्ता तथा सूचिकरण गरि किसान परिचय पत्र बितरण गरिनेछ।
- कृषि सम्बन्धी सूचनाहरू स्थानीय पत्रपत्रिका, रेडियो, सामाजिक संजाल, वडा स्तरमा विभिन्न स्थलमा सूचना पार्टी निर्माण गरि सूचना कृषकसम्म सहजै सम्प्रेषण हुने ब्यबस्था मिलाइनेछ।
- हावापानी र माटो सुहाउदो कृषि बालि छनौट गरी उपयूक्त बालि लगाउन माटोको गुणस्तर परिक्षणका लागि प्रायोगशाला स्थापना गरिनेछ।
- पशुको लागि गुणस्तरीय आहाराको व्यवस्थापन गर्नका लागि चरन विकास कार्यक्रम सञ्चालन गर्नुका साथै डाँले घाँस, भुँई घाँसको खेतीमा प्रोत्साहन गरिनेछ।
- कृषकको आयस्तर बृद्वि गर्न घाँसको बिउ विजन उत्पादन र बिक्री कार्यमा सहजीकरण गरिनेछ । किसानलाई घाँसका बिउ निशुल्क उपलब्ध गराइनेछ।
- पशुपन्छीको उपचार र रोगहरूको रोकथामका लागि निःशुल्क औषधि वितरण र भ्याक्सिनेशन कार्यक्रम सञ्चालन गरिनेछ। पशुपन्छीको रोग निदानका लागि प्रयोगशाला स्थापना गरि सञ्चालन गरिनेछ ।
- ग्रामिण महिला लक्षित घरायसी स्तर पोषण सुरक्षा तथा आय आर्जनका लागि ग्रामिण कुखुरा प्रर्वद्र्वन कार्यक्रम सञ्चालन गरिनेछ।
- पशु तथा कृषि प्रवद्र्धनका लागि "एक गाउँ एक उत्पादन कार्यक्रम" साझेदारी नीति अवलम्वन गरिनेछ।
- पशुपंक्षी बिमा कार्यक्रम लाई अभियानको रुपमा सन्चालन गरिनेछ ।
- शित भण्डारण तथा कृर्षि उपज संकलन केन्द्र निर्माणमा लागि स्थान छनौट गरी निर्माण कार्यलाई अगाडी बढाइने छ ।
- सबै इन्द्रसरोवर निवासीलाई निशुल्क करेसावारी तरकारीको बीउ मिनीकिट वितरण कार्यक्रम संचालन गरिनेछ । साथै कोसेली घर निर्माणको कार्य प्रारम्भ गरिनेछ ।
- इन्द्रसरोवर तालमा माछा पालन कार्यक्रमलाई प्रर्वद्धन गरिनेछ।
- **रासायनि**क मलको ढुवानीमा अनुदानको व्यवस्था गरिने छ।

**आदरणीय सभाध्यक्ष महोदय,**

## ख) पर्यटन सँस्कृति प्रवर्द्धन सम्बन्धी नीति :

- धार्मिक महत्व रहेका ऐतिहासिक, पुरातात्विक स्थानहरुको पहिचान गरी संरक्षण, संबर्धन र प्रबर्दन कार्यमा जोड दिइनेछ ।
- **गाउँपालि**काको उपयुक्त स्थानमा तामाङ, नेवार र मगरहरुको सांस्कृतिक संग्रालय स्थापना गर्न अध्ययन तथा अनुसन्धान प्रक्रिया अगाडी बढाईने छ। इतिहासविद् वा पुरातत्वविद्को सहायतामा आफ्नो क्षेत्रमा रहेका ऐतिहासिक व्यक्ति र घटनासंग जोडिएका स्थल पहिचान गरी सो स्थानमा शिलालेख राखी ऐतिहासिक तथा पुरात्वत्वीक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने कार्यलाई अगाडी बढाईनेछ ।
- आन्तरिक पर्यटकलाई प्रबर्धन गर्न पर्यटन पूर्वाधार निर्माण, प्रचार प्रसार र पर्यटक अनुकुल सेवा सुविधाको विस्तार गरिनेछ साथै इन्द्रसरोवर ताललाई पर्यटक आवागमनको मुख्य आधारमानी यस क्षेत्रमा रहेका

तनाव व्यबस्थापन स्थल/क्षेत्र,ठाडोखोला झरना,ह्लाङ् ह्लाङ् दुलो झरना,आजदेश्वर मन्दिर,जातिपोखरी डाँडा, "वीर"फाखेलमैत्री पार्क,चौकोटदेवी मन्दिर,वातावरणमैत्री चन्द्रगढी छापडाँडा पर्यावरण क्षेत्र,गुसेश्वारी गुफा, भालु गुफा कालोथुमकीडाँडा,पोखरीडाँडा,नयाँगाउँभ्युटावर,महाचुनीमन्दिर,लक्ष्मीनारायण,शत्तेश्वर महादेव मन्दिर,आउटलेट चौर लगायत विभिन्न धार्मिक,कृषि,पशु,जातीय भाषा,कला संस्कृतिहरु समेतको समग्र विकास र बिस्तारमा संघिय र प्रदेश सरकारसंगको सहकार्य तथा समन्वयबाट पर्यटन प्रवर्धनमा विशेष जोड दिइनेछ।पर्यटनलाई आर्थिक विकासको श्रोतको रुपमा विकास गर्न पर्यटकीय स्थल निर्माण र पर्यटन पदमार्गको निर्माण गरि पालिकालाई पर्यटकीय गन्तव्यका् रुपमा विकास गर्ने नीति लिइनेछ ।

- निजी क्षेत्रसँगको साझेदारीमा पर्यटन महोत्सव, प्रचारप्रसार सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।
- पर्यटकीय गन्तवयको प्रचार प्रसार गर्नका लागि गाउँपालिकाको पर्यटकीय वृतचित्र निर्माण गरी टेलिभिजन लगायतका संचार माध्यमबाट प्रसारण गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका स्तरिय पर्यटन प्रवर्धन समित गठन गरिनेछ ।
- गाउँपालिका भित्रका प्रमुख-प्रमुख क्षेत्रहरुमा इन्द्रसरोवर गाउँपालिकावासीको समान हैसियत,समान अधिकार तथा समतामूलक बिकासको लागि बिशेष गरी इन्द्रसरोवर तालको संरक्षण,प्रबर्धन,स्वामित्व,उपयोग तथा प्रयोग क-कसले कसरी गर्ने भन्ने बिषयमा स्थानीय र विज्ञहरु सहितको छलफलको निष्कर्षबाट छुट्टै संचालन कार्यविधि निर्माण गरी ताल बचाउ अभियान अन्तर्गत एउटा छुट्टै नीति तथा कोष स्थापनाको सुरुवात गरिनेछ।
- स्वःलगानीमा पर्यटकीय क्षेत्रमा स्थानीय कला संस्कृतिको संरक्षण,प्रवर्द्धन गर्दै साना लगानीमा पर्यटन ब्यबसाय गर्न चाहने ब्यबसायीहरुले स्थानीय सहकारीहरुबाट लिएको ऋणमा ऋण लिँदा तोकिएको उद्देश्य अनुसारको ब्यबसाय गर्ने शर्त सहित गाउँपालिकाबाट निर्माण गरेका कार्यविधि अनुसार सहुलियत अनुदान आवश्यकता र औचित्यका आधारमा दिने नीति अवलम्बन गरिनेछ ।साथै पर्यटन ब्यबसायी गर्ने ब्यबसायीहरुलाई प्रोत्साहित गर्ने नीति समेत अवलम्बन गरिनेछ ।यस कार्यक्रममा दलित,आदिवासी जनजाति,महिला,अपाङ्ग तथा फरक क्षमता भएका वर्गहरुलाई पहिलो प्राथमिकता दिइने छ ।
- इन्द्रसरोवर क्षेत्रमा घुम्न आउने पर्यटकको लागि स्थानीय स्तरमा Home Stayको स्थापन गर्नको लागि आवश्यक व्यवस्था गरिने छ।

**<u>आदरणीय सभाध्यक्ष महोदय,</u>**

### ग) उद्योग बाणिज्य तथा सहकारी सम्बन्धी नीति :

- गाउँपालिका भित्रका सहकारीहरुको प्रभावकारी अनुगमन गरी राजश्वको दायराभित्र ल्याइनेछ।
- गाउँपालिका स्तरीय सहकारी सञ्जाललाई सक्रिय बनाई नियमित बैठक बसी मासिक कार्यसमिक्षा गरिनेछ।
- गाउँपालिकाभित्रका सहकारीहरुले मासिक रुपमा तोकिएको ढाँचामा गाउँपालिकामा विवरण बुझाउनु पर्ने व्यवस्था मिलाइने छ ।
- सहकारी संघ-संस्थाहरुको एकीकरण प्रक्रियालाई प्रोत्साहन गर्दै सहकारीका सिद्धान्त तथा मूल्य मान्यतालाई व्यवहारमा उतार्ने नीति अवलम्बन गरिनेछ।

- सहकारीको क्षमता विकास गर्न कोपोमिक्स, लेखा, व्यवस्थापन तथा सहकारी शिक्षा सम्बन्धि तालिमहरुको व्यवस्था गरी "मर्यादित व्यवसाय र प्रविधिमा सहकारी" नारालाई सार्थकता प्रदान गरिनेछ।
- नेतृत्व मार्फत सञ्चालन हुने गरी आम नागरिकमा वित्तिय तथा गैर वित्तिय सेवाका पहुँच बिस्तार गर्न तालिमको व्यवस्था गरिनेछ ।
- सहकारी क्षेत्रको समग्र पक्षको विकास गरी कृषि र पशुपङ्क्षीमा आधारीत सहकारी उद्योगको विकास र बजारीकरणमा जोड दिइनेछ ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका सहकारीहरु मार्फत एकीकृत कार्यक्रम सञ्चालन गर्न गराउन जोड दिइनेछ ।
- बैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई उनीहरुको सीप, ज्ञान तथा क्षमताको उपयोग गरी उद्यम तथा सहकारी फार्म (खेती) सञ्चालन गरी "बिदेशको सीप स्वदेशका लागि कार्यक्रम" अन्तर्गत सीप अनुसार परियोजना बनाउन, सहकारीबाट ऋण लिन सहजीकरण गर्ने तथा यन्त्र उपकरण खरिद गर्न सहयोग गर्ने नीति अवलम्बन गरिनेछ।
- गाउँपालिकाबाट संचालन गरिने स्वरोजगारमूलक तथा सिपमूलक, क्षमता अभिवृद्धि लगायतका कार्यक्रमहरु लागत सहभागिताको आधारमा सम्बन्धीत सरकारी निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुसँग समन्वय तथा सहकार्यमा गरी संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- लघु उद्यमको विकासको माध्यमबाट गरिवी निवारण गर्न, युवा परिषद तथा निजि क्षेत्र समेतको सहभागितामा लघु उद्यम कार्यक्रम संचालनमा जोड दिइनेछ ।
- दलित समुदायको परम्परागत सीप कला र पेशालाई संरक्षण, संम्वद्र्धन र आधुनिकीकरण गरी व्यवसायीक बनाउन र रोजगारीको अवसर विस्तार गर्न उत्थान तथा विकास कार्यक्रम संचालन गरिनेछ साथै सीप विकास र बजार प्रवद्र्धनमा अनुदान दिइनेछ ।
- ग्रामिण गरिवी न्युनीकरणका लागि विभिन्न स्वरोजगारमूलक र आयआर्जनका कार्यक्रम प्रार्थमिकताका साथ संचालन गरिनेछ ।
- वाणिन्य क्षेत्रलाई व्यवस्थित, मर्यादित र अनुशासित बनाई उपभोक्ताको हित अभिवृद्धिका लागि बजार अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- यस आर्थिक बर्षमा औद्योगिक ग्राम स्थापनाको सम्भाव्यताको अध्ययन थालनी गरीनेछ ।
- सार्वजनिक, निजी साझेदारीको अवधारणाको आधारमा उद्योग स्थापनाको लागि लगानी आकर्षण गरिननेछ ।
- सहकारीलाई बचत संकलन, पूँजी निर्माण, रोजगारी सृजना, उत्पादन र उत्पादकत्व वृद्धिसँग आवद्ध गरी सहकारीलाई आर्थिक विकासको महत्वपुर्ण क्षेत्रत्रमा क्रियाशिल सहकारी मध्ये कम्तीमा एकवटा सहकारी संस्थालाई नमुना सहकारी संस्था बनाउन सहयोग गरिनेछ ।
- सहकारी संस्थाको दर्ता, अभिलेखिकरण, नियमन लगायतका कार्यहरुलाई सहज र व्यवस्थित गरिनेछ साथै सहकार िसंस्थाको क्षमता विकासका लागि सहकारी शिक्षा, नेतृत्व विकास एवं व्यवस्थापन तालिम संचालन गरिनेछ ।

- विकासमा सबै क्षेत्रलाई सहभागि गराई विकासको कार्यलाई तिब्रता दिन सहकारी, निजी र सरकारी तिनै निकाय मार्फत विकासको अभियान संचालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र संचालन भएका गैरसरकारी संघसंस्था, सहकारी संस्थाहरुको तथ्याङकहरु अध्यावधिक गर्दे लगिनेछ ।
- गाउँपालिका भन्दा बाहिरका शहर र विदेशबाट गाउँमा आएर बसेका समुदायहरुलाई लक्षित गरेर रोजगारीका अवसरहरु सृजना गरी स्वार्जन तथा स्वरोजगार भई आर्थिक समृध्दी हुने कार्यक्रमलाई विशेष जोड दिइने छ। यसको लागि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई समेत बिशेष किसिमले कार्यन्वयनमा जोडिने छ ।
- आधुनिक प्रविधिको प्रयोग गरी साना,लिफ्ट तथा भूमिगत सिँचाई आयोजनाहरुको निर्माण तथा खानेपानी तथा सिंचाई व्यवस्थाको लागि लिफ्टिङ्ग तथा सिंचाईका नविनतम् उपायहरु खोजी गर्ने र अधुरा योजनाहरुलाई पुरा गर्ने कार्यहरुलाई जोड दिईनेछ ।
- इन्द्रसरोवर गाउँपालिका भित्र वसोवास गर्ने महिला,दलित समुदाय,अपाङ्गता परिचयपत्र प्राप्त भएका व्यक्तिहरुले कुनै घरेलु ब्यबसाय संचालन गर्दा ब्यबसाय दर्ता शुल्कमा ७५% छुट तथा नवीकरण शुल्कमा ५०% छुट दिइनेछ ।

**<u>आदरणीय सभाध्यक्ष महोदय,</u>**

## <u>सामाजिक बिकास सम्बन्धी नीति :</u>

### क) शिक्षा सम्बन्धि नीतिः

- गाउँपालिकाको ५ बर्षे शिक्षा योजना तर्जुमा गरिनेछ ।
- प्रधानाध्यापक नियुक्ति सम्बन्धि मापदण्ड तयार गरि प्रधानाध्यापक नियुक्ति गरि प्रत्येक विद्यालयका प्रधानाध्यापक संग व्यवस्थापन कार्यसम्पादन सम्झौता गर्ने नीति अबलम्बन गरिनेछ ।
- विषयगत शिक्षकहरुलाई मागमा आधारित तालिमको व्यवस्था गरिनेछ तथा प्र.अ र विव्यस अध्यक्षहरुलाई विद्यालय व्यवस्थापन सम्बन्धि तालिमको व्यवस्था गरि शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलापहरु आयोजना गरि विद्यार्थी प्रतिभा पहिचान गरिनेछ ।
- विद्यालयहरुको बार्षिक परिक्षा संचालन र सिकाइ उपलब्धि परिक्षण तथा विश्लेषणका कार्यक्रम लाइ निरन्तरता दिइनेछ ।
- आधारभूत तह सम्म संचालित विद्यालयहरुलाई इन्टरनेटको व्यवस्थापनको लागि अनुदानको व्यवस्था गरिनेछ ।
- शैक्षिक गुणस्तर सुधारकालागि शैक्षिक अबलोकन भ्रमण जस्ता कार्यक्रमलाई निन्तरता दिइनेछ ।
- गाउँमा सबैको लागि शिक्षा अभियानलाई पुर्णता दिन विद्यार्थी भर्ना अभियान, विद्यालयको पूर्वाधार विकास/निर्माण, गुणस्तरीय शिक्षा अभियान जस्ता कार्यक्रमहरुमा विद्यालयलाई सहयोग गरिनेछ ।

- गाउँपालिका भित्रका माध्यमिक विद्यालय र आधारभूत विद्यालयहरुमा विद्यार्थी अनुसार दरबन्दीको लेखाजोखा गरी दरबन्दी मिलान गरिनेछ ।
- शिक्षालाई आधुनिकीकरण गर्न आवश्यकता अनुसार शिक्षकहरुलाई तालिम, गोष्ठी, प्रशिक्षण तथा शैक्षिक अबलोकन भ्रमणको व्यवस्था गरी शिक्षक अभिभावक र विद्यार्थीको त्रिकोणात्मक शैक्षिक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- आधारभूत शिक्षालाई अनिवार्य गरिनेछ तथा विद्यालय छाड्ने प्रवित्तिलाई निरुत्साहित गर्न प्रविधियुक्त शिक्षा सहितको विशेष कार्यक्रम ल्याईनेछ ।
- प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्मका बालबालिकाहरुलाई **दिवा** खाजा तयारी गर्न सहयोगीको व्यवस्थापन सहित दाता/अभिभावकहरुसंगको साझेदारीमा **खाजाको व्यवस्थापनलाई प्रबाभाकारी बनाइने छ ।**
- स्थानीय आवश्यकता,ऐतिहासिकता तथा सम्भावनाहरुमा आधारित बिषयवस्तुहरु समेटिएर राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले तोकेको निर्धारित पाठ्यभार पूरा गर्न स्थानीय पाठ्यक्रम निर्माण भैसकेको सन्दर्भमा कक्षा १-८ सम्म स्थानीय पाठ्यपुस्तक निर्माण तथा बिकास गरी लागु गरिनेछ ।
- बालबालिकाहरुको शारीरिक,मानसिक,तथा बौद्धिक सम्बेगात्मक बिकासका लागि बालमैत्री कक्षाकोठा निर्माण तथा व्यवस्थापन गरिनेछ ।
- विद्यार्थी संख्या न्यून रहेका विद्यालयहरुमा बहुकक्षा बहुस्तर शिक्षण पद्धति लागु गरिने।
- प्रारम्भिक बाल विकास केन्द्रका सहजकर्ताहरुलाई मन्टेश्वरी तालिमको व्यवस्था साथै प्रारम्भिक बालविकास केन्द्रहरुलाई आवश्यक साधन स्रोत सम्पन्न बनाइ मन्टेश्वरी केन्द्रको रुपमा विकास गरिनेछ।
- बाल उद्यान केन्द्र स्थापनाको लागि थप अध्ययन अनुशन्धान गरी कार्यान्वयनमा ल्याईनेछ । प्रत्येक विद्यालयलाई बालमैत्री बिद्यालयको रुपमा विकास गर्ने गरी विद्यालय संरचना निर्माणमा जोड दिईनेछ तथा विद्यालय तह देखि जीवनउपयोगी सीप, ब्यबसायिक,ब्यबहारिक,नैतिक र प्राविधिक शिक्षालाई प्राथमिकता दिईनेछ ।
- गाउँपालिकाबाट विगतका वर्षहरुमा प्रदान गर्दै आइरहेको बिद्यालय स्वयम् सेवक शिक्षक अनुदानलाई प्रत्येक विद्यालयको अनुगमन, विश्लेषण तथा बिद्यार्थी शिक्षक संख्याको अनुपातमा आवश्यकताको आधारमा मूल्यांकन गरी पठनपाठन व्यवस्थापन गर्न"जहाँ बिद्यार्थी,त्यहाँ शिक्षक,गुणस्तरीय शिक्षा,हाम्रो पहिलो प्राथमिकता" भन्ने मूल नाराका साथ निरन्तरता दिएइने छ ।
- गाउँपालिका अन्तर्गतका सबै विद्यार्थीहरुलाइ गाउँपालिका भित्र संचालित विद्यालयमा निशुल्क रुपमा गुणस्तरीय शिक्षाको सुनिस्चित गरिनेछ।
- विद्यार्थीहरुलाइ गाउँपालिकामा नै कक्षा ११ र १२ अध्ययन गर्ने बातावरण तयार गरिनेछ ।
- गाउँपालिकाको शौक्षिक अवस्थाको स्तरोन्नति गर्न सम्पूर्ण शिक्षकहरुलाई मार्गनिर्देशन गर्न सक्ने प्रशिक्षकको नियुक्ति गरि प्रत्येक वडाका विद्यालयहरूमा परिचालन गरिनेछ।
- प्रधानाध्यापकहरुको भुमिकालाई थप प्रभावकारी बनाउन संघीय सरकारबाट प्रदान गर्दै आएको प्रधानाध्यापक भत्तामा मासिक रू.५०० बृद्दी गरिनेछ।

- उच्च शिक्षामा प्राबिधिक विषय तथा विज्ञान, गणित र अंग्रेजी विषय अध्ययनका लागि विपन्न, जेहेन्दार विद्यार्थीलाई आवश्यक छात्रवृत्ति उपलब्ध गराइनेछ ।
- गाउँपालिका भित्रको कुनै एक बिद्यालयलाई आवश्यक संरचना, व्यवस्थापन लगायत विविध विषयको आधारमा मूल्यांकन गरी नमुना विद्यालयको रुपमा अघि सारिने नीति लिईनेछ ।
- गाउँपालिका भित्रको विद्यालय , स्वास्थ्य संस्थाले ओगटेको जग्गा सम्बन्धित संस्थाको नाममा ल्याईनेछ।
- "बालबालिकाहरुको उच्चतम बिकास तथा शैक्षिक गुणस्तरको आधार, सबै बालविकास केन्द्रहरुमा सुधार" भन्ने ध्येयका साथ बालबिकास केन्द्रलाई अझ प्रभावकारी र नतिजामुखी बनाउन विशेष योजना सहित आवश्यक सुधार गरिनेछ ।
- विद्यार्थी संख्या न्यून भएका बिद्यालयहरुलाई तह घटाउने साथै आधारभूत तह १-५ लाई विद्यार्थी संख्या र आधारभूत तह ६-८ र माध्यामिक तहमा विषयगत आधारमा दरबन्दी मिलान गरिनेछ ।
- बिद्यालयहरुको कार्य सम्पादन परिक्षण, बिद्यार्थी सिकाई उपलब्धि परिक्षण र अनुगन तथा सुपरिवेक्षणलाई प्रभावकारीरुपमा अगाडी बढाईनेछ ।
- सिकाई उपलब्धि र कार्यसमपादनमा उत्कृष्ट शिक्षक, बिद्यालय, अभिभावक, बिद्यार्थी र बिद्यालय व्यवस्थापन समितिहरुलाई प्रोत्साहन कार्यक्रम लाइ निरन्तरता दिइनेछ ।
- बालबालिकाहरूको शैक्षिक स्तर उन्नती गर्न अभिभावकको भुमिका मध्यनजर गरि अभिभावक शिक्षाको प्रवन्ध गरिनेछ।
- विद्यालय शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन नियमित रुपमा अनुगमन, निरीक्षण तथा सुपरीवेक्षणको व्यवस्था मिलाईनेछ । अनुगमन तथा सुपरीवेक्षण अवस्था अनुसार स्थलगत तथा विधुतीय माध्यामवाट गर्ने व्यवस्था मिलाइनेछ ।
- आर्थिक, सामाजिक तथा सास्कृतिक कारणले पछि परेका व्यक्तिहरुलाई शिक्षाको मूल प्रवाहमा ल्याउन सकारात्मक विभेदको नीति लिई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- सवै विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्थापन गर्दै सक्षमता अभिवृदी गर्नुका साथै शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाई उपलब्धीसगँ आवद्धता गरिनेछ ।
- करार शिक्षक तथा कर्मचारीको नियुक्तिलाई व्यवस्थित, मर्यादित र प्रतिस्प्रर्धात्मक रुपमा सञ्चालन गरिनेछ । माध्यमिक विद्यालयहरुमा शिक्षक नियुक्ति गर्दा विषयगत रुपमा अंग्रजी ,गणित र विज्ञान विषयलाई प्राथमिकतामा राखि नियुक्ति गरिनेछ ।
- विद्यालय सरसफाई प्रतियोगिता संचालन गरिनेछ ।
- विद्यालय र समुदाय बीच सहयोग, सहकार्य र साझेदारी निमार्ण गर्दै विद्यालय विकासका लागि **हाम्रो विद्यालय राम्रो विद्यालय** को रुपमा विकास गर्न सम्वन्धित निकायहरुलाइ जवाफदेही बनाइनेछ।
- सबै विद्यालयहरुमा विद्युतिय हाजीरीको अनिवार्य व्यवस्था गरिनेछ । साथै सबै माध्यमिक विद्यालयमा सि.सि. टि.भी. जडान गरिनेछ ।
- हरेक शुक्रबार विद्यालयले विद्यार्थीका लागि अनिवार्य अतिरिक्त क्रियाकलापहरु गर्नुपर्ने छ र शैक्षिक सत्रको अन्त्यमा विद्यालय विद्यालय बिंच अतिरिक्त क्रियाकलापको प्रतिस्पर्धा गराई विद्यालय र विद्यार्थीलाई पुरस्कृत गरिनेछ ।

## खेलकुद सम्बन्धि नीति

- गाउँपालिकाको समग्र खेलकुदको विकास र विस्तारलाई जोड दिइनेछ । उक्त अभियानको लागि प्रत्येक वडामा खेलकुद सम्बन्धि भौतिक निर्माणका लागि संघीय र प्रदेश सरकारसंग समन्वय गरिनेछ ।
- गाउँपालिका स्तरीय **"गाउँपालिका अध्यक्ष कप फुटबल "** प्रतियोगितालाई निरन्तरता दिइनेछ र स्थानीय तह सहिद स्मृति मकवानपुर गोल्ड कप राष्ट्रिय फुटबल प्रतियोगिता कार्यक्रम संचालन समेतलाई निरन्तरता दिइने छ ।
- विध्यालयमा खेलकुदलाइ प्रबर्धन गर्न पर्याप्त मात्रामा खेलकुदका सामाग्रीहरु व्यवस्था गरिनेछ बालबालिकाहरुको खेल प्रतिभा पहिचानका कार्यक्रम गरिनेछ ।
- रास्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितालाइ निरन्तरता दिइनेछ ।
- युवाहरुको लागी आवश्यक खेलकुद पूर्वाधार तथा शैक्षिक एवं खेलकुद सामाग्रीहरु सहयोग र खेलकुद प्रवर्द्धनका विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- युवा तथा खेलकुद विकास कार्यविधि निर्माण गरि कार्यान्वयन गरिनेछ।
- उपाध्यक्ष कप भलिबल प्रतियोगिता संचालन गरिने छ।
- पालिका स्तरीय कवर्ड हल निर्माणको लागि संघ र प्रदेशमा पहल गरिने छ।

**आदरणीय सभाध्यक्ष महोदय,**

## ख) स्वास्थ्य सम्बन्धी नीतिः

- गाउँपालिका स्तरीय आधारभुत अस्पताल निर्माण गर्नका लागि जग्गा व्यवस्थापन गरि पाँच शैयाँको अस्पातल निर्माण कार्य यसै वर्षबाट शुरू गरिनेछ।
- अग्रपंतिमा रहेर स्वास्थ्य तथा सामाजिक गतिविधि, बिकास निर्माण लगायतका महत्वपूर्ण जिम्मेवारी वहन गर्ने गाउँपालिकाका कर्मचारीहरुलाई प्रोत्साहन लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- यदि कोभिड १९ को संक्रमण वढ्दै गएमा इन्द्रसरोवर गाउँपालिकावासीको जीवन रक्षाको निम्ति कोरोना भाईरस (कोभिड-१९) सम्बन्धि प्रारम्भिक स्वास्थ्य परिक्षण आवश्यकतानुसार गरिनेछ । साथै कोरोना भाइरस संक्रमित पुष्टि भएका व्यक्तिहरुको उपचार निशुल्क गर्न गराउन सहयोग गरिनेछ ।कोभिड-१९ कै कारण अति जोखिम एवं विपन्न परिवार तथा व्यक्तिहरुलाई तोकेको मापदण्ड बमोजिम आवश्यकता र औचित्यको आधारमा सम्बन्धित वडाको सिफारिसमा राहत वितरण कार्यलाई यथावत राखिने छ।
- **"उपाध्यक्षसंग पोषण कार्यक्रम"** पाँच वर्ष मुनिका बालबालिकाहरुको पोषण अवस्था सुधार गर्ने अन्तर्गत **स्वस्थ आमा तथा बच्चा प्रतियोगिता र पोषणयुक्त खानेकुरा सहित सुत्केरी भेटघाट कार्यक्रम** संचालन गरिनेछ । कुपोषणलाई अन्त्य गर्न विशेष कार्यक्रम संचालन सहित गर्भवती महिलाहरुको भिडियो एक्सरे तथा स्वास्थ्य परिक्षण सिविरलाई अत्याधुनिक प्रविधि सहित प्रत्येक वडामा संचालनको

साथै प्रजनन उमेरका महिलाहरुको लागि निःशुल्क पाठेघरको मुखको क्यान्सर परीक्षण तथा उपचार कार्य गर्न आवश्यक सहयोग गरिनेछ । साथै वडा न. ३ र ४ मा संचालित ल्याब, भिडियो एक्सरे तथा स्वास्थ्य जाँच कार्यक्रमलाई निरन्तरता दिईने छ । महिला तथा बालबालिका शिक्षा, स्वास्थ्य, क्षमता बिकास, किशोर-किशोरी शिक्षा, सबैसंग सबै किसिमको हिँसा विरुद्धको सचेतना कार्यक्रमलाई बिशेष प्राथमिकताका साथ अघि बढाईने छ ।

- सामान्य भन्दा सामान्य उपचार समेत नपाएर घरमै वा समुदायमै मृत्युसंग जुझीरहेका, स्वास्थ्य संस्था सम्म पनि आउँन नसक्ने महिला, अपाङ्ग, असह्य उमेरले पाका, एकल महिला, परिवार तथा समाजबाट अपहेलित विशेषगरि दिर्घ रोगिहरु (Palliative Care) (६० वर्ष भन्दा माथिका)लाई वडा, टोलमा गएर/बुझेर उपचार गर्न स्वास्थ्यकर्मिको व्यवस्थालाई निरन्तरता दिंदै यस सम्बन्धि पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ललितपुरसंगको सहकार्य यथावत रहनेछ ।
- संघिय सरकारको राष्ट्रिय नीति अनुसार स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी तथा नतिजामुखी बनाउनको लागि इन्द्रसरोवर गाउँपालिकाले **"जब पुग्छ साठी, स्वास्थ्य विमा कार्यक्रममा सहभागी"** भन्ने मूल नाराका साथ ६० वर्ष माथिका परिचयपत्र प्राप्त जेष्ठनागरिकहरुको स्वास्थ्य विमा सतप्रतिशत गरिदिने नीति लिईनेछ । र उपचारमा सहजता, सर्वस्वीकार्य तथा सबै वर्गको पहुँचमा रहने गरी नेपाल सरकारबाट यस सम्बन्धि अनुमति प्राप्त अस्पतालसँग बिशेष पहल गरिनेछ ।
- मातृ तथा बाल मृत्युदर कम गर्नुका साथै गाउँपालिकालाई पूर्ण संथागत सुत्केरी गाउँपालिका घोषणा गर्ने तथा पूर्ण खोपको अवस्थालाई दिगो रुपमा कायम गरिनेछ । बिद्यालय स्तरमा स्वास्थ्य सेवाको पहुच पुर्याउन विद्यालय स्वास्थ्य जाचँ कार्यक्रम तथा बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई अझै प्रभावकारी बनाइनेछ ।
- मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत गर्भवति महिलालाई कम्तिमा ४ पटक र सुत्केरी महिला र नवशिशुलाई कम्तिमा ३ पटक स्वास्थ्य परिक्षण गर्न थप प्याकेजको कार्यक्रम ल्याइने छ ।
- स्वास्थ्य संस्थामा सुत्केरी हुनेको संख्यामा वृद्धि गरि सुन्य होम डेलिभेरी गराउन निःशुल्क एम्वुलेन्स लगाएतका विशेष कार्यक्रम ल्याइने छ ।
- महिला स्वास्थ्य स्वयम् सेविकाहरुको कार्यको उच्च मूल्यांकन गर्दै आफ्नो जिम्मेवारी प्रति थप क्रियाशील भैरहनका लागि उत्प्रेरित बनाउन बैठक खाजा खर्च र यातायत खर्च दिईनेछ। प्रत्येक वर्ष म. स्वा.स्वयं सेविका दिवश मनाउने क्रममा ५ वटै वडाबाट १/१ जना उत्कृष्ट म.स्वा.से. छनौट गरि उचित पुरस्कारको व्यवस्था गरिनेछ ।साथै ६० वर्ष उमेर पुगेका र १० वर्ष भन्दा वढी सेवा गरि अवकाश लिनुहुने म.स्वा.से.हरुलाई नेपाल सरकारले दिएको रकममा थप व्यवस्था गरि सम्मानजनक विदाइ गरिनेछ ।
- महिला स्वास्थ्य स्वयं सेविकाबाट प्रदान गरिदै आएको सेवालाई गुणस्तरिय बनाउनका लागि थप रिफ्रेसर (पुनर्ताजकिय) तालिमको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारिता र गुणस्तरीयता कायम गर्न विशेष कार्यक्रमहरु संचालनमा ल्याईनेछ। गाउँ घर क्लिनिक तथा खोप केन्द्रलाई ब्यबस्थित गर्न हरेक वडाको गाउँवस्तीहरुमा आवश्यकता अनुसार खोप केन्द्र तथा स्वास्थ्य ईकाई केन्द्र निर्माण गरिनेछ साथै आवश्यकता अनुसार गाउँघर क्लिनिक, खोप क्लिनिक तथा स्वास्थ्य चौकी निर्माण र मर्मत सम्भार गरि गुणस्तरिय सेवा

प्रवाहका लागि आवश्यक औषधि उपकरण र कार्यक्रम संचालनका समयमा खाजा खर्च उपलव्धको व्यवस्था गरिनेछ।

- स्वास्थ्य संस्थामा संचारका लागि सिम र सेटको व्यवस्था गरिनेछ ।
- वडा नं. १ स्थित सानोमार्खुमा थप सामुदायिक स्वास्थ्य ईकाइ संचालन गरि सेवा प्रदान शुरु गरिनेछ।
- वडा नं. ५ स्थित चन्द्रगढी आधारभुत स्वास्थ्य केन्द्रमा आवश्यक पूर्वाधारको व्यवस्था गरि वर्थिङ सेवा शुरु गरिनेछ ।
- कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- नियमित तथा कोरोना विरुद्धको खोपलाई स्वास्थ्य कार्यालयबाट ल्याउने र पालिकाबाट खोप केन्द्रहरु सम्म पुर्याउनका लागि खोप कार्यकर्ता, स्वयं सेवक, ढुवानी तथा सुपरिवेक्षणका लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ।
- स्वास्थ्य संस्था संचालनका लागि प्रदान गरिदै आएको संचालन अनुदानलाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्य चौकीबाट प्रदान गरिदै आएको सेवालाई न्यूनतम सेवा मापदण्डमा पुर्याउन औषधि तथा उपकरणहरुको थप व्यवस्था गरिनेछ ।
- नसर्ने रोगहरुका लागि स्वास्थ्यकर्मी र म.स्वा.से.हरुका लागि ओरियन्टेशन कार्यक्रमका लागि वजेटको व्यवस्था गरिनेछ।
- स्वास्थ्य संस्थाबाट संचालित नियमित सेवालाई पालिकाद्वारा अनुगमन समिति बनाइ नियमित अनुगमन गरिने र अनुगमनका लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।
- गर्भवती महिलाको परिक्षण तथा जाँच गर्नका लागि पोर्टेवल भिडियो एक्सरे संचालन गरिनेछ।
- स्थानीय सरकारले गुणस्तरिय स्वास्थ्य, शिक्षा, स्वच्छ खानेपानी तथा सरसफाई सेवामा सबै गाउँपालिका बासिको समतामुलक पहुच हुनेगरी कार्यक्रम संचालन गर्ने छ । पालिका भित्रका स्वास्थ क्लिनिकहरुलाई व्यवस्थित गर्न पहल गरिनेछ ।
- पोषणको अवस्थालाई सुधार गर्न, मिसावटयुक्त तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एवंम स्वास्थ्यवर्धक खाद्यपदार्थको उत्पादन प्रवद्र्धन र प्रयोग र पहुँचलाई विस्तार गरिनेछ ।
- सक्षम एवंम जवाफदेही समन्वय,अनुगमन तथा नियमन संयन्त्र एवं प्रक्रियाद्वारा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सुनुनिश्चित गरिनेछ ।
- मातृ तथा नवजात शिशुको मृत्युदर घटाउनको लागि घरमा शुन्य प्रसुती घोषणा अभियान कार्यक्रम निरन्तरता दिइनेछ ।
- गर्भवती महिलालाई निःशुल्क क्यालसियम र फोलिक एसिड वितरण गरिनेछ।
- विपद व्यवस्थापन कोष र कोभिड नियन्त्रण कोषमा पर्याप्त मात्रामा रकम विनियोजन गरिनेछ ।
- **“सबैको ध्यान,जेष्ठ नागरिकको सम्मान”** भन्ने मूल नाराका साथ संचालन गर्दै आएको ७० वर्ष भन्द माथिका सबै जेष्ठ नागरिक सरकारी सुविधा लिएका समेतलाई स्वास्थ्य परिक्षण एवं न्यानो कपडा वितरण कार्यक्रमलाई निरन्तरता दिदै ६० वर्ष पुरा दलित र एकल महिला तथा पूर्ण तथा “ख” बर्गको अपाङ्गता भएकाहरु सबैलाई यस कार्यक्रममा सहभागी गराईनेछ।

- जेष्ट नागरिकहरु आपसी भेटघाट, भलाकुसारी,छलफल इत्यादि गर्नका निमित्त प्रत्येक वडामा जेस्ठ नागरिक भेटघाट केन्द्र स्थापनालाई निरन्तरता दिईनेछ। शिक्षा र स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारिता र गुणस्तरीयता कायम गर्न विशेष कार्यक्रमहरु संचालनमा ल्याईनेछ।
- गाउँ घर क्लिनिक तथा खोप केन्द्रलाई ब्यबस्थित गर्न हरेक वडाको गाउँवस्तीहरुमा आवश्यकता अनुसार खोप केन्द्र तथा स्वास्थ्य ईकाई केन्द्र निर्माण गरिनेछ साथै आवश्यकता अनुसार स्वास्थ्य चौकी निर्माण र मर्मत सम्भार गरी प्रयोगमैत्री बनाइनेछ।
- विशेषज्ञ सेवा प्राप्त स्वास्थ्य संस्था संग समन्वय गरेर स्वास्थ्य शिबिर तथा स्वास्थ्य सम्बन्धि कार्यक्रमहरुलाई निरन्तर संचालन गरी हरेक उमेर समुहका जनसमुदाय सम्म स्वास्थ्य सेवाको पहुँच पुर्याइनेछ ।
- प्रत्येक स्वास्थ्य चौकिहरुमा कार्यालय संचालनको लागि बजेटको व्यवस्था गरिनेछ।नयाँ तथा पुराना स्वास्थ्य संस्थाहरुमा आवश्यक जनशक्ति सहित उपकरणहरुको समेत व्यवस्थापन गरिनेछ ।
- ६५ वर्ष माथिका वृद्ध तथा पूर्ण अपाङ्गता भएका ब्यक्तिलाई उपचारका लागि अस्पताल लैजादा एम्बुलेन्स सेवाको सुविधा प्रदान गरिनेछ।
- पालिका स्तरीय आर्युवेद केन्द्रको स्थापना गरिनेछ।
- डाइलोसिस गर्ने मृगौला रोगी , किमो चलाउने क्यान्सर रोगी, स्पाएनल कर्ड इन्जुरी रोगीलाई मासिक रू.३००० को दरले सहयोग अनुदान प्रदान गरिनेछ।
- विद्यालयहरुमा सेनेटरी प्याड निशुल्क वितरण गरिने कार्यक्रमलाई निरन्तरता गरिनेछ। साथै डिस्पोज गर्ने उपकरणको व्यवस्था गरिनेछ।

**<u>आदरणीय सभाध्यक्ष महोदय,</u>**

**ग) महिला बालबालिका तथा समावेशीकरण सम्बन्धी नीतिः**

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, दलित एवं बाल विकासका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ , सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सार्वजनिक निजी साझेदारी नीतिलाई अवलम्बन गर्दै गाउँपालिका क्षेत्र भित्रका महिलाहरुलाई उद्यमशीलताका माध्यमबाट उद्यमी बनाउने अभिप्रायले महिला उद्यमशीलता कार्यक्रमहरु सञ्चालन गरिनेछ।साथै उत्कृष्ठ उद्यमी महिलालाई सम्मान गर्न उपाध्यक्षसँग महिला उद्यमी कार्यक्रम सञ्चालन गरिनेछ ।
- विभिन्न आमा समूह तथा महिला सहकारी संस्थाका पदाधिकारीहरुकालागि नेतृत्व विकास, सीप विकास, उद्घोषणकला लगायतका तालिमहरु प्रदान गरी व्यवसायिकताको विकास गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला तथा बालबालिका माथि हुने सबै प्रकारका हिंसा, शोषण, विभेद र बहिष्करण विरुद्ध शुन्य सहनशीलता नीति अवलम्बन गर्नुका साथै हिंसा पिडितको न्यायमा पहुँच स्थापनाका लागि सञ्चालित लैङ्गिक हिंसा निवारण कोष तथा बाल संरक्षण कोषमा थप रकमको व्यवस्था गरिनेछ ।

- बालबालिकाहरुलाई बाल संरक्षण, बाल बचाउ, बाल विकास, बाल सहभागिता सहितका सबै अधिकारहरु प्रत्याभूत गर्दै यसै वर्ष बालमैत्री गाउँपालिका घोषणा गर्ने र यसका लागि एकिकृत कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका भित्र अपाङ्गमैत्री, विपन्न न्युनीकरण, सीमान्तकृत, दलित तथा आदिवासी जनजाती उत्थान कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- गाउँपालिका स्तरमा एक बाल उद्यान निर्माणका लागि थालनी गरिनेछ ।
- प्रत्येक वडामा ज्येष्ठ नागरिक भेटघाट केन्द्रको निर्माण गरिनेछ ।
- सामाजमा विद्यमान रहेका हानिकारक अभ्यासहरु, कुरितीहरु र कुसंस्कृती जस्तै बालविवाह, बहुविवाहको न्युनिकरण गर्दे बालहिंसा, लैंगिक हिंसा मुक्त गाउँपालिका बनाउन विभिन्न सचेतना मुलक कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ ।
- गाउँपालिकाको बार्षिक कार्यक्रम बनाउँदा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा प्रकृया अवलम्बन गर्ने नीति लिइने छ । साथै गाउँपालिकाले वार्षिक रुपमा लैगिंक समानता तथा सामाजिक समावेशीकरण परिक्षणलाई अनिवार्य गर्ने नीति लिइने छ ।
- लागू औषध दुव्र्यसनी न्युनीकरण गर्न सम्बन्धीत संस्थाहरुसँग समन्वय गरी चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- महिला विरुद्ध हुने सबै खालको हिंसा निर्मुल को लागि न्युनिकरण गर्ने कार्यक्रमहरु संचालन गरी समुदायमा सचेतनामुलक अभियानहरु संचालन गरिनेछ ।
- जब पुग्छ साठी स्वास्थ्य विमा कार्यक्रममा सहभागी भन्ने मूल नाराका साथ ६० वर्ष माथिका ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य विमा कार्यक्रमको प्रबन्ध गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउनका लागि व्यवसायिक सीप विकास तालिम प्रदान गर्नुका साथै व्यवसाय स्थापनाका लागि प्रविधि सहयोग गरिनेछ।
- महिला सशक्तिकरणका लागि विशेष कार्यक्रम ल्याईनेछ । अपाङ्ग,बालबालिका, महिला, जेष्ठनागरिक, विपन्न, लोपोन्मुख,दलित तथा आदिवासी जनजाति र समाजबाट पछी परेका वा पारिएका वर्ग, समुदायको सामाजिक संरक्षण गरिनेछ।
- बलात्कार, यौनशोषण, मानब ओसारपसार र बेचबिखन तथा महिला बिरुद्ध हुने सबै प्रकारको हिंसाजन्य कार्यहरु न्यूनीकरण गरिनेछ ।
- समाजमा रहेको बिकृति, विसंगति र सामाजिक कुरीतिलाई न्यूनीकरण गर्नका निमित्त विशेष ध्यान दिईनेछ।
- स्थानीय सरकार संचालन ऐन अनुसार बिशेषगरि असाहय तथा बृद्ध नागरिकहरुको संरक्षणार्थ "असाहय नागरिक संरक्षण केन्द्र" स्थापनाको लागि आवश्यक गृहकार्य गरिनेछ ।लक्षित वर्गहरुको गाउँपालिका स्तरीय संजाल निर्माणको लागि बिशेष जोड दिईने छ ।
- शारीरिकरुपमा अशक्त अपाङ्ग नागरिकहरुको संरक्षण तथा कानुनता प्राप्त अधिकार सुनिश्चितताको लागि आवश्यक सबै प्रक्रिया पुरा गर्ने कार्यलाई कार्यन्वयनमा ल्याईनेछ साथै फरक क्षमता भएका बालबालिका तथा नागरिकहरुको उचित संरक्षणको लागि आवश्यक व्यबस्थाको सुरुवात गरिनेछ ।
- भुमिहिन , अव्यवस्थीत बसोबास सुकुम्बासीलाई व्यवस्थीत गरिनेछ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**घ) खानेपानी तथा सरसफाई सम्बन्धी नीतिः**

- गाउँपालिका क्षेत्रभित्रका नदीजन्य पदार्थ जस्तैः ढुंगा गिट्टी बालुवाको वातावरण प्रभाव मुल्याङ्कन गरी निर्दिष्ट क्षेत्रहरुबाट त्यस्ता वस्तुमा उत्खनन, संकलन, प्रशोधन, ओसारप्रसार र विक्री वितरणलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ ।
- खानेपानी नपुगेका सबै घरधुरीमा स्वच्छ खानेपानी पुर्याई "एक घर एक धारा" कार्यक्रमलाई कार्यान्वयन गरिनेछ साथै एक घर एक धाराको पहँच पुगेको घरमा आवश्यकताका आधारमा खानेपानी मीटर जडान गरी व्यवस्थित गर्ने कार्य गरिनेछ ।
- खानेपानी तथा सरसफाईका लागि आवश्यक पर्ने पुर्वाधार तयार गरी विद्यालय, आम संचार माध्यम सामाजिक संजाल लगायतका माध्यमबाट आम जनतामा सचेतना अभिवृद्धि गरी पुर्ण सरसफाई कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- यस आर्थिक बर्षमा गाउँपालिकाको आवधिक योजना निर्माणसँसँगै खानेपानी तथा सरसफाई गुरुयोजना तयार गरी कार्यन्वयनमा ल्याइने छ ।
- जैविक विविधताको संरक्षण गर्न र हाल भईरहेको खानेपानीका श्रोतहरु सुक्दै गएकाले प्रत्येक वडामा परम्परागत पोखरीहरु निर्माण गर्ने प्रोत्साहित गरिनेछ।
- वातावरणमैत्री गाउँपालिका निर्माणका लागि फोहोरमैला व्यवस्थापन गर्न डंम्पीङ साइड निर्माण कार्य अगाडी बढाइनेछ । साथै सार्वजनिक, निजी, साझेदारीमा सार्वजनिक स्थल सरसफाई, बाटो सरसफाई, प्लाष्टिकजन्य वस्तुको प्रयोगमा न्युनीकरण तथा निषेध गर्न सहकार्य, समन्वय र पारस्पारिक सहयोगका आधारमा कार्यक्रमहरु संचालन गरिनेछ ।

**<u>आदरणीय सभाध्यक्ष महोदय,</u>**

**<u>भौतिक पूर्वाधार बिकास तर्फः-</u>**

- गाउँपालिकाले सञ्चालन गरेका अधुरा योजनालाई प्राथमिकतामा राखि कार्यान्वयमा ल्याइनेछ र योजना सार्ने प्रवृतिलाई क्रमशः निरुत्साहित गर्दै लगिनेछ।
- वातावरणमैत्री, दिगो र न्यायपूर्ण पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिइनेछ ।
- यस आ.व. देखि अति आवश्यक बाहेक नयाँ सडक निर्माणलाई निरुत्साहित गरिनेछ। ग्रामिण सडकको चौडाई नालि(Side Drain) बाहेक कम्तिमा भूगोलको आधारमा कम्तिमा ४ देखि ६ मिटरको हुन पर्ने नीति को अवलम्वन गरिनेछ । कम्तिमा एक वडामा एउटा ग्रामीण सडकलाई प्राथमिकतामा राखि ५ वर्ष भित्रमा नालि सहित पक्कि सडक निर्माण गरिनेछ।
- रोजगारी सिर्जना हुने र मेसिनरी औजार प्रयोग नहुने आयोजना सञ्चालन उपभोक्ता समितिबाट गरिनेछ र ठूला र मेसिनरी औजार प्रयोग हुने आयोजनाहरु बोलपत्र मार्फत कार्यान्वयनमा ल्याइनेछ।
- कृषि उत्पादनको बजारीकरण गर्न गाउँपालिका भित्रका कृषि सडकहरु निर्माण तथा स्तरीकरणमा विशेष जोड दिइनेछ।
- निर्माण कार्यको गुणस्तरीयता कायम राख्नका लागि ठेक्का वा उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरुको ल्याव परीक्षण र अनुगमनलाई प्रभावकारी बनाइनेछ।
- गाउँपालिकाका केहि विशेष स्थानहरुम जहाँ विद्युतिकरण गर्न कठिन/ असम्भव छ सो स्थानहरुमा सर्भे गरी आवश्यकता अनुसार सौर्य उर्जा कार्यक्रम मार्फत सोलार प्यानल र बत्ति जडान गरी प्रयोगमा ल्याईनेछ
- गाउँपालिकाको आवश्कता अनुरुप यातायात गुरुयोजना तयार गरी सो अनुरुप मात्र यातायातको पुर्वाधार निर्माण गरिनेछ । सडक निर्माण तथा मर्मत सुधारका क्रममा सडक क्षेत्राधिकार कायम गर्ने, सडक विस्तार नीति तथा मापदण्डको प्रभावकारी ढंगले कार्यान्यन गरिनेछ ।
- सडकको क्षेत्राधिकारलाई प्रभावकारी कार्यान्वयन गरी अतिक्रमणलाई निरुत्साहित गर्दै सडक खुल्ला राख्ने कार्यमा निरन्तरता दिइनेछ ।
- कुलेखानी फाखेल हुमाने फर्पिङ सडक खण्डको फाखेल क्षेत्रमा बिगतमा सडकको जग्गा लगत कट्टी/कित्ताकाट भएको भएतापनि भुलबस हाल सडक भएको जग्गाबाट नभएर भोकचलन भईरहेको स्थानबाट हुन गई भोकचलन र नापनक्सा नमिलेको हुनाले नक्सा संशोधनका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरी जग्गा व्यवस्थापन गरिनेछ । साथै कुलेखानी कलंकी मार्खु सडक खण्ड लगायतका अन्य सडक क्षेत्रमा पनि नियमअनुसार सडकको लगत कट्टा/ कित्ताकाट कार्यको लागि बिशेष जोड तथा पहल गरिनेछ ।
- गाउँपालिका भित्रका सडकहरुलाई वर्ष भरीनै सञ्चालन योग्य बनाइराख्न नियमित वा आवश्यता अनुसार मर्मत सम्भार गर्नको लागि गाउँपालिका स्तरीय सडक मर्मत कोषको स्थापना गरिनेछ।
- घर तथा अन्य भौतिक संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधात्मक प्रविधिको अवलम्बनमा ध्यान दिईनेछ। गाउँपालिकामा बन्ने पक्की घर नक्सा पास गरी मापदण्ड अनुरुपको निर्माणमा जोड दिईनेछ

। खर वा फुसबाट बनेका घरहरुको सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत टिनको छानामा परिणत गरिनेछ ।

- उचित स्थानको पहिचान गरी सार्वजनिक शौचालय निर्माण गरी यसको व्यवस्थापन र संरक्षण गर्ने जिम्मेवारी समुदायमा हस्तान्तरण गरिनेछ।
- पालिका भित्रका सबै क्षेत्र समेट्ने चक्रपथ निर्माणको गुरुयोजना तयारी अध्ययन गरिनेछ। साथै वाह्य आवागमनका सडक संजाल लिंक रोड विस्तारका लागि आवश्यक अध्ययन गरिनेछ।
- प्रदेश राजधानी हेटौंडा र संघीय राजधानी काठमाण्डौ जोड्ने कुलेखानी फाखेल हुमाने सडक, फाखेल महालक्ष्मी दोभान चखेल मातातिर्थ सडक र कुनेखानी सिस्नेरी रामचन्द्र भञ्याङ सडक, त्रिभुवन राजपथ जोड्ने कुलेखानी मार्खु बज्रबाराही कुन्छाल सडकको कालोपत्र सहित पक्की सडक निर्माणको लागि संघ तथा प्रदेस सरकारसंग समन्वय गरी निर्माण कार्य अगाडि बढाइनेछ।
- इन्द्रसरोवर गाउँपालिका भित्र अति आवश्यक स्थानहरुको पहिचान गरी झोलुंगे पुलको गुरुयोजना तथा डी.पि.आर.तयार गरिनेछ र आवश्यक बजेट व्यवस्थापनको लागि संघ र प्रदेश सरकारसंग अनुरोध गरिनेछ।
- भवन निर्माण संहितालाई कडाईका साथ कार्यान्वयन गरी सबै खाले घर टहरा निर्माण कार्यलाई नियमन गरी नक्सापासको दायरामा ल्याइनेछ।
- भवन निर्माण संहिता लागि हुनुपूर्व निर्माण भईसकेका भवनहरुको हकमा प्रमाणीकरण तथा अभिलेखिकरणको लागि अधिकतम १ वर्षको समयावधि तोकिने छ ।
- वडा स्तरीय आयोजनाहरुको रकमान्तर र कार्यक्रम संसोधन नगर्ने र अति आवश्यक भएको अवस्थामा सम्बन्धित वडाको सिफारिसमा कार्यापालिकाले निर्णय गरे बमोजिम मात्र हुनेगरि व्यवस्था मिलाइनेछ।
- गाउँपालिका भित्रका एक वडा देखि अर्को वडा र अर्को पालिका जोड्ने साथै वडा भित्रैका झोलुङ्गेपुल, पुल तथा कृषि पर्यटनले महत्व राखेका सडकहरुको डीपीआर निर्माणकार्य गरिनेछ।
- गाउँपालिकाको हरेक वडाहरुको भौगोलिक तथा प्राकृतिक बनोट, विकास तथा सुविधाको पहुँच र पहिचानमा विविधता रहेकोले सोहि बमोजिम विकास निर्माणको योजनाहरु कार्यान्वयन गरिनेछ।
- गाउँपालिकाबासीहरुमा जनचेतानाको लागि स्थानीय एफएम रेडियो मार्फत अध्यक्ष/उपाध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत/पूर्वाधार विकास शाखा प्रमुख र अन्य बुद्धिजीवि सरोकारवालाबीच साप्ताहिक/मासिक अन्तरक्रिया कार्यक्रमको थालनी गरिनेछ। सो को लागि स्थानीय एफ एम रेडियो संग सहकार्य गरिनेछ।
- गाउँपालिकाको बस्ती विकास तथा भवन निर्माण मापदण्डलाई थप वैज्ञानिक बनाउन आवश्यक परिमार्जन गरी गाउँपालिका बस्ती विकास तथा भवन निर्माण मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ।
- गाउँपालिकाको सास्कृतिक सम्पदाहरुको सर्भेक्षण गरी महत्वपूर्ण सम्पदा स्थलहरुको सम्पदा संरक्षण गरुयोजना(Cultural area Renovation Masterplan) तयार गरिनेछ।
- प्रत्येक वडामा टोल विकास संस्था गठन तथा पुन गठन गर्ने तथा त्यसलाई सकृय बनाउने साथै योजना कार्यान्वयन टोल विकास मार्फत नै गर्ने गराउनेछ ।

- उपभोक्ता समिति वा टोल विकास समितिलाई योजना कार्यान्वयन सम्बन्धी तालिम तथा अभिमुखिकरण कार्यक्रम गरिनेछ ।
- योजना सम्बन्धि सफ्टवेयरको प्रयोग गरी योजना सञ्चालन कार्यमा सहज, सरल र प्रविधीमैत्री बनाइनेछ।
- वडा स्तरिय योजना शिविर सञ्चालन गरिनेछ।
- सडकको कारणले हुने भुक्षयलाई कम गर्न वायो इन्जिनियरीङ प्रविधिलाई जोड दिईने छ।
- गाउँपालिका भित्र निर्माण भएको सडकले ओगटेको जग्गाको लगत कट्टा गरिनेछ।
- विद्युतिकरणमा रहेको काठको पोल विस्थापित गर्दै फलामे पोलको व्यवस्था गरिनेछ।

**बन वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीतिः**

- प्राकृतिक विपद्ले निम्त्याएका जोखिमलाई न्यूनीकरण गर्दै विपद्लाई अबसरमा परिणत गरिने नीति लिईनेछ। वातावरणीय व्यवस्थापन योजना बनाई कार्यान्यवन गरिनेछ ।
- बन क्षेत्र संरक्षणको लागि वृक्षारोण, संरक्षण , सम्बर्धन र व्यवस्थापनका लागि सामुदायिक,निजि,धार्मिक र कबुलियति बन उपभोक्ता समूहहरुलाई सक्रिय बनाउने कार्य सञ्चालन गरिनेछ ।
- ईन्धनको बन क्षेत्रमा पर्ने चाप कम गर्न बैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रमलाई जोड दिईने छ। सडक निर्माण गर्दा दुबै तर्फ वृक्षारोपण साथै बहुउपयोगी घाँस खेतीका लागि प्रोत्साहित गर्ने नीति लिईनेछ। वातावरणमैत्री स्थानीय शासनको स्वीकृत सूचकहरु प्राप्तीका लागि जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सामुदायिक,कबुलियती,धार्मिक तथा निजि बनहरुको संरक्षण, प्रबर्द्धन तथा नियमनका कार्यक्रमहरु संचालन गरिनेछ साथै आवश्यकता अनुसार बृक्षारोपणलाई विशेष अभियानका साथ अगाडी बढाइनेछ र इन्द्रसरोवर सब-बन डिभिजन कार्यालय सिम्लाङ संगको सहकार्यमा नर्सरी बिरुवा उत्पादनलाई बिशेष जोड दिईने छ।
- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ। जैविक विविधताको संरक्षण गरिनेछ । स्थानीय वस्तु र सेवाको उत्पादन, गुणस्तर र प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गरिनेछ ।
- सामुदायिक, कबुलियत, धार्मिक तथा निजि वन उ.स.लाई सकृय बनाउने तथा सोको सहकार्यमा वृक्षारोपण र वन संरक्षण कार्यक्रमलाई निरन्तरता दिने ।
- गाउँपालिका स्तरका हरेक कार्यक्रम तथा आयोजना संचालन गर्दा वातावरण मैत्री स्थानीय शासनको अवधारणालाई कार्यान्वयन तहमा उतार्ने प्रयास गरनेछ ।
- आफ्नो वरपरको सरसफाई आफै गर्ने अभियान संचालन पर्वद्धन गरी गाउँपालिकालाई सफा सुन्दर र वातावरणमैत्री गाउँपालिका बनाउने नीति अवलम्बन गरिने ।
- टोल विकास संस्था, गैर सरकारी संस्था एवं सामाजिक संस्थाहरुको साझेदारिमा फोहोर संकलन गर्ने र त्यसको उचित व्यवस्थापनको लागि डस्विन, सेफ्टि टयाङ्की, डम्पिङ साईडको निर्माण गरी गाउँपालिकालाई सफा इन्द्रसरोवर घोषणा गर्नेतर्फ अभियान अगाडी बढाइने छ ।

- गाउँपालिका भित्रका बजार क्षेत्र तथा बजार उन्मुख टोल बस्तीहरुका सडकहरुमा वैकल्पिक उर्जा मार्फत उज्यालो सडक कार्यक्रम तर्जुमा एवं कार्यान्वयनलाई निरन्तरता दिने ।
- स्वस्थ जीवनको लागि स्वच्छ पानी भन्ने मुल नाराका साथ खानेपानी आयोजना सञ्चालन तथा विस्तारमा एक घर एक धारा नीतिलाई अगाडी बढाउने ।
- गाउँपालिका भित्र नवीकरणीय उर्जा प्रविघी जडान (वायुग्याँस/ विद्युतीय चुलो/ सुधारएको चुलो/ सौर्य उर्जा) को व्यवस्था गर्ने ।
- पालिकाभित्र हुने प्राकृतिक तथा गैर प्राकृतिक विपत्तिमा तुरुन्त राहत कार्य कर्यान्वयनमा ल्याउन स्थानीय विपद् व्यवस्थापन केन्द्रलाई क्रियाशिल बनाइनेछ ।
- केन्द्रमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल नगर प्रहरी, नेपाल रेडक्रस सोसाईटीसंगको समन्वयमा विपद् व्यवस्थापन सम्बन्धी दीर्घकालिन योजना तयार गरी लागु गरिनेछ ।
- विपद्को समयमा उद्धार तथा राहत कार्यलाई प्रभावकारी बनाउन गाउँ विपद् व्यवस्थापन समिति, वडा स्तरिय विपद् व्यवस्थापन समिति तथा प्रत्येक वडामा नेपाल प्रहरी, सशस्त्र प्रहरी, बल युवा क्लब, रेडक्रस स्काउट, क्याम्पस विद्यालय तथा सामाजिक अभियन्ताहरु लगाएत विपद् खोज तथा उद्धार समूह समेतको सम्लग्नतामा शीघ्र उद्धार स्वयंसेवक(Quick Rescue volunteer)को गठन गर्ने छ।
- विपद् व्यवस्थापनको लागि विपद् जोखिम न्यूनिकरण, विपद् पुनलार्भ तथा विपद् प्रतिकार्य जस्ता कार्यहरु सञ्चालन गर्ने तथा विपद्को समयमा आवश्यक सामानहरु सम्बन्धित निकायलाई हस्तान्तरण गर्ने तथा रेस्क्यु सम्बन्धी तालिमको व्यवस्था समेत गर्ने ।
- गाउँपालिका क्षेत्र भित्रका बिद्यालयहर , सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा वातावरण संरक्षणका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- जलबायू परिवर्तनबाट पर्न सक्ने प्रभाव न्यूनीकरण गर्न सरोकारवाला निकाय गै,स,स, तथा विकास साझेदारहरुसँग समन्वय र सहकार्य गरी स्थानिय जलवायू परिवर्तन अनुकूलन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।
- स्वस्थ्य र सफा मासु आपुर्तीको लागी उपयुक्त स्थानको पहिचान गरी निजी वा सार्वजनिक वधशाला सञ्चालन कार्य प्रारम्भको लागि अध्ययन गरिनेछ ।
- गाउँपालिका भित्र नदी कटान, पहिरो नियन्त्रण गर्नका लागि आवश्यक बजेट बिनियोजन गरिनेछ ।गाउँपालिका भित्र संञ्चालन भएका खनिजजन्य उद्योगहरुलाई स्थानीय बस्ती, बन जंगल र सार्वजनिक स्थलहरुलाई असर नपर्ने गरी सञ्चालन गर्न निर्देशन गरिनेछ ।
- गाउँपालिका स्तरीय विपत तथा जलवायु उत्थानशील योजनालाई कार्यान्वयनमा ल्याउन बिशेष जोड दिईनेछ। राष्ट्रिय नीति अनुसार प्रदेश र संघीय सरकारसंग आवश्यक पहल तथा समन्वय गरी सम्पूर्ण गुठिका जग्गाहरु सम्बन्धि र छुट जग्गा दर्ता तथा पूनःनापी गरी सार्वजानिक,नीजी जग्गाको अभिलेखीकरण गर्ने व्यवस्था गरिनेछ ।
- भूमिको उत्पादकत्व वृद्धि गरी कृषियोग्य भूमिको खण्डिकरण र अनावश्यक अतिक्रमण रोकिनेछ साथै भू-क्षय न्यूनीकरणमा जोड दिईनेछ साथै विपद व्यवस्थापनको प्रवाभकारी ढंगले कार्यन्वयन गरिनेछ ।

- निजि क्षेत्रसंगको साझेदारीमा गाउँपालिकाको बजार क्षेत्रबाट प्रतिघर न्युनतम शुल्क असुली दैनिक वा साप्ताहिकरुपमा फोहर संकलन गरी स्वच्छ र स्वस्थ जीवन निर्वाहका साथ सफा गाउँपालिका बनाउँन विशेष कार्यक्रम अघि बढाईने छ ।
- मुहान संरक्षण तथा आवश्यकता अनुसारको लिफ्ट प्रविधि र ठुला खानेपानी आयोजना संचालन गरिने योजना बनाईने छ । खानेपानी मुहान दर्ता गर्ने कार्यलाई निरन्तरता दिदै खानेपानी मर्मतसम्भार कार्यलाई समेत उच्च प्राथमिकतामा राखिने छ ।साथै लिफ्ट प्रविधिबाट खानेपानी उपभोग गर्ने उपभोक्ताहरुलाई विधुत महशुल भुक्तानीमा सहयोग गरिनेछ।
- होटल तथा बजारबाट निस्कने फोहोरमैलालाई सुरक्षित ढंगले व्यवस्थापन नगर्ने संचालक लाई कारवाहीको दायरामा ल्याईनेछ ।
- नदि, खोला डिलमा र सार्वजनिक स्थलमा फोहोर बिसर्जन गर्नेहरुलाई दण्डित गरिने नीति लिईनेछ। वातावरण मन्त्रालयबाट स्वीकृत राष्ट्रिय मापदण्ड अनुरुप प्लास्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्दै प्लास्टिक झोला मुक्त स्थानीय तहको रुपमा यस गाउँपालिकालाई विकास गर्न औपचारिक पहल सहित आवश्यक कार्यनीति अवलम्बन गरिनेछ, साथै बैकल्पिक व्यवस्थाको लागि गैरप्लास्टिक झोलाको प्रयोगमा जोड दिईनेछ।
- सामुदायिक,कबुलियती,धार्मिक तथा निजि बनहरुको संरक्षण, प्रबर्द्धन तथा नियमनका कार्यक्रमहरु संचालन गरिनेछ साथै आवश्यकता अनुसार बृक्षारोपणलाई विशेष अभियानका साथ अगाडी बढाइनेछ र इन्द्रसरोवर सब-बन डिभिजन कार्यालय सिम्लाङ संगको सहकार्यमा नर्सरी बिरुवा उत्पादनलाई बिशेष जोड दिईने छ।
- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ। जैविक विविधताको संरक्षण गरिनेछ । स्थानीय वस्तु र सेवाको उत्पादन, गुणस्तर र प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गरिनेछ।
- यस गाउँपालिका भित्रको लागि आवश्यक खाद्यान्न लगायत सम्पूर्ण दैनिक उपभोग्य वस्तु तथा निर्माणसामाग्रीहरु बागमती प्रदेश राजधानी हेटौंडाबाट ढुवानी गर्नु पर्ने र यसरी ढुवानी गर्ने मालवाहक सवारीसाधनहरु हेटौडा भैसे भीमफेदी हुदै कुलेखानी,मार्खु,फाखेल र सिस्नेरी आउजाउमा प्रायः सधै अवरोध भैरहने हुनाले हाल यस क्षेत्रको सडक फराकिलो सहित स्तरोन्नति समेत भैसकेको हुँदा आगामी दिनदेखि आवतजावतमा सहजताको लागि आवश्यक कानुनी प्रक्रियाको निम्ति बागमती प्रदेश सरकारसंग माग तथा पहल गरिनेछ।
- प्राकृतिक विपतका कारण घरबार विहिन परिवारका लागि पूर्नवासको व्यवस्था गरिनेछ।

## संस्थागत बिकास सेवा प्रवाह तथा सुशासन सम्बन्धी नीतिः

- नागरिक सहायता कक्ष साथै सेवाग्राही सेवा केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ। संस्थागत विकास तथा सेवा प्रवाहमा सुधार गरिनेछ ।
- यससंगै गाउँपालिका, वडाकार्यालय र स्वास्थ्यचौकीहरुमा नागरिक बडापत्र राख्ने कार्यलाई यथावत गरिनेछ ।

- ऐन नियम तथा कार्यविधि एवम् मापदण्ड तर्जुमा गरी कानुनी संरचना तयार गरिनेछ ।गाउँपालिकाको वेवसाईटलाई प्रभावकारी ढंगले सञ्चालन गरी सम्पुर्ण सूचनाहरु वेव मार्फत प्रसारित गरिनेछ ।
- गाउँपालिकाका गतिविधीहरु पारदर्शी तुल्याउन तथा स्थानिय नागरीकहरुलाई सहज तवरले जानकारी पुर्याउन सबैखालको सञ्चार माध्यमसँग समन्वय गरिनेछ ।
- गाउँपालिकामा सञ्चालित आयोजनाहरुको गुणस्तर अभिवृद्धि गरी बित्तिय जोखिमलाई न्यूनिकरण गर्न अनुगमन समिति गठन गरी उक्त समितिलाई सक्रिय तुल्याईने छ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ताका प्रशासनिक सुधारका लागि आवश्यक अनलाईन प्रणालीको विकास तथा सञ्चालनलाई निरन्तरता गरिनेछ ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका व्यवसायीहरुलाई आफ्नो व्यवसाय प्रति उतरदायी बनाउन न्युनतम करको दायरामा ल्याईनेछ ।
- सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमहरुको नियमित अनुगमन प्रगती समिक्षा, समन्वय बैठक, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण आदी कार्यक्रमहरुलाई बढावा दिइने छ ।
- गाउँपालिकाका वडा कार्यालयको संस्थागत सुदृढिकरणका कार्यहरु गरिनेछ ।कार्यालयलाई सेवाग्राही मैत्री बनाउन सुशासनका सुचाङकहरुलाई नागरिक वडापत्र ,सुझाव पेटिका, सूचना अधिकारी तोक्ने जस्ता कार्यहरुलाई कडाइका साथ लागु गरिनेछ।
- इन्द्रसरोवर गाउँकार्यपालिकाको कार्यालयमा नागरिकलाई सरल र सहज रुपमा सेवा प्रवाह गर्नका लागि सोधपुछ कक्षको स्थापना गरिनेछ ।
- गाउँपालिका भित्र रहेको संघ संस्थाले संस्थागत विकासका लागी नियमावाली अनुसार गाउँपालिकाबाट स्वीकृत योजना सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।
- कर्मचारी एवमं पदाधिकारीको क्षमता विकासका लागि आवश्यक समय सापेक्षित बनाउन तालिम, अध्ययन तथा अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ साथै कर्मचारीको मनोबल उच्च बनाई राख्न विगत देखि खाईपाई आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ।
- उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई बार्षिक बजेट, नीति तथा कार्यक्रम सार्वजनिक समारोहमा पुरस्कृत गरिनेछ ।कर्मचारीको व्यवस्थापनका लागी इन्द्रसरोवर गाउँपालिकाको कर्मचारी आचार संहिता तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- तत्कालिन गाउँ विकास समितिबाट पेश्की रकम लिई हालसम्म फश्र्योट नभएको, म्याद नाघेको पेश्की फश्यौट् कार्यलाई प्रभावकारी पहल गरिनेछ ।
- प्रेश स्वतन्त्रताको सम्मान गर्दै सबै किसिमका सूचनाहरु सबै समक्ष प्रसारण,प्रशारित गर्न गराउनको लागि पत्रकारीता सीप प्रदान गर्न गाउँपालिका भित्रका यससंग सबन्धित इच्छुक यूवाहरुलाई आवश्यक प्रशिक्षण यससंग सम्बन्धित संघसंस्थाहरुसंग सहकार्य समन्वय गरी संचालन गरिनेछ।
- गाउँपालिकाको सम्पूर्ण गतिविधि(शिक्षा,स्वास्थ्य,कृषि,पर्यटन,जनप्रतिनिधि अन्तरवार्ता लगायत विविध) समेटिएको एउटा चौमासिक वुलेटिन पत्रिका समेत दक्ष सानो विज्ञ टिम/समूह बनाएर प्रकाशनको सुरुवात गरिनेछ ।

- हाल सम्म यस गाउँपालिकामा निर्मित मौज्जुदा नियम कानुनहरुको आवश्यकता अनुसार परिमार्जन तथा संशोधन गरी सुशासन एवं कानुनको शासनको पूर्ण प्रत्याभूति दिलाई आमनागरिकहरुमा कानुनी राज्य र लोकतान्त्रिक सरकारको प्रत्यक्ष अनुभूति दिलाईनेछ ।
- भ्रस्टाचार जन्य क्रियाकलापलाई निरुत्साहित गरी भ्रस्टाचार गर्ने र गराउने सबैलाई दण्डित गरिनेछ। शान्ति सुरक्षाको अनुभूति दिलाउन सरकारमा पहुच नभएका विभिन्न तरिकाले अन्यायमा परेका महिला,दलित,अपांग भएका व्यक्तिहरु लगायत विभिन्न वर्ग,समुदायहरुलाई आवश्यकता अनुसार जनसम्पर्क एवं कानुनी सहजकर्ताको नियुक्तिलाई निरन्तरता दिन प्रदेश सरकारसंग आवश्यक पहल गरिनेछ।
- न्याय सम्पादनलाई चुस्तदुरुस्त कायम गर्न स्थानीय प्रशासनसंग आवश्यक सहकार्य गरी न्यायिक समिति तथा मेलमिलाप कर्ताहरुले सम्पादन गर्ने काम कार्वाहीलाई प्रभाबकारी बनाउन आवश्यक नीति अवलम्बन गरिनेछ ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरे अनुरुपको स्थानीय स्तरका मुद्दा तथा गुनासोहरुको सुनुवाई गरिनुका साथै न्यायिक समिति मार्फत प्रभाबकारीढंगबाट न्याय सम्पादन गरिनेछ । क्षेत्र अधिकार अनुसारको नागरिक बडा पत्र निर्माण गरिनेछ।
- न्यायिक समितिको व्यवस्थापन तथा क्षमता अभिमुखीकरण तालिम,न्यायिक समिति तथा मेलमिलाप केन्द्रहरुबाट सम्पादन हुने कामकारवाहीलाई प्रभावकारी ढंगले अगाडी बढाउन आवश्यक निती अवलम्वन गर्नेछ ।
- महिला, बालबालिकातथा ज्येष्ठ नागरिक साथै हिसांमा परेका महिला र जोखिममा परेका बालबालिकाहरुको हक हितको संरक्षणको लागि सेफ हाउसको अनुसन्धान गरी निर्माण प्रक्रिया अगाडी बढाउने ।
- समाजमा देखिएका विवादहरुलाई न्युनिकरण गर्न मेलमिलाप कर्ताहरुलाई व्यवस्थित तरिकाले परिचालन गर्नको लागि मेलमिलाप कर्ताको व्यवस्थापनलाई निरन्तरता दिने छ ।
- द्धन्द्ध प्रभावित घरपरिवारलाई सहायता गर्नको लागि निती नियम बनाई अगाडी बढाईने छ। जेहेन्दार, दलित, अल्पसंख्यक, आदिवासी जनजाती परिवार र बालबालिकाहरुको पहिचान गरी आधारभूत देखि माध्यमिक तह सम्मको पढाईको लागि छात्रावृत्तिको व्यवस्थापन गरिनेछ ।
- एकल महिला, अनाथ बालबालिका तथा अपाङ्गता भएका बाल बालिका, द्धन्द्ध प्रभावित परिवार का बालबालिका तथा शहिद परिवारका बाल बालिकाहरुलाई समेत समेटेर शिक्षा तथा सिपको व्यवस्थापनलाई सुनिश्चित गरिनेछ।

- कार्यालयसंग संबन्धित सूचना प्रवाहमा छिटोछरितो सम्पादन गरिनुको लागि इन्द्रसरोवर गाउँपालिकाको सबै वडा कार्यालय तथा स्वास्थ्यचौकि,माध्यामिक विद्यालयहरुमा नेट इन्टरनेटको व्यवस्थापन भैसकेको सन्दर्भमा अब आधारभूत बिद्यालयहरुमा पनि यसको बिस्तार गर्न थालनी गरिनेछ ।`
- First Come First Service को सिद्धान्त अनुसार सेवा प्रवाहमा हुने असन्तुष्टीलाई हटाउन टोकन प्रणाली लागु गरिनेछ ।
- इन्द्रसरोवर गाउँपालिकाले गाउँकार्यपालिकाको कार्यालय,वडा कार्यालय,स्वास्थ्यचौकी तथा बिद्यालयहरुमा संचालनमा ल्याएको विधुतीय हाजिरी प्रविधिलाई सुब्यबस्थित गरी आगामी आर्थिक वर्षको सुरुदेखि कढाईका साथ लागु गरिनेछ ।साथै गाउँपालिकाको राजश्व संकलन प्रणालीलाई सफ्टवेयर मार्फत कार्यान्वयनमा ल्याईनेछ।
- उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको वर्गीकरण गरी प्रत्येक निर्वाचित वडा प्रतिनिधिहरुलाई जिम्मेवारी बाँडफाँड गरी योजना संचालन र सम्पन्नताको समय सिमा निर्धारण गरी जिम्मेवारी प्रदान गरिनेछ ।
- सुरक्षित वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाई यससंग सम्बन्धित आवश्यक सूचनाहरु प्रवाह तथा सहजीकरण गर्न गाउँपालिकामा एउटा सूचना केन्द्रको स्थापना गर्ने छ ।
- इन्द्रसरोवर गाउँपालिका वडा नं. १ पर्यटकको गन्तव्य स्थाल रहेकाले शान्ति सुरक्षा कायम गर्नको लागि प्रहरी चौकी स्थापना गरिनेछ।

**सूचना संचार तथा प्रविधि सम्बन्धीं नीतिः**

- सूचनाको हक अन्तर्गत गाउँपालिकाबाट संचालन हुने योजना तथा कार्यक्रमलाई पारदर्शी रुपमा सबैका माझ राख्न “**इन्द्रसरोवर गाउँपालिका GIS BASED OPEN DATA PLATFORM**” लाई प्रयोगमा ल्याइनेछ।
- गाउँपालिकामा e-governance प्रणाली लागु गर्ने गरि सूचना तथा संचार प्रविधिको पूर्वाधार विकास गर्दे लगिनेछ।
- गाउँपालिका मातहतका सवै वडा कार्यालय, स्वास्थ्य चौकी, मा.वि. विद्यालयहरु तथा प्रहरी चौकीहरुमा प्रदान गरिदै आएको ब्रोडव्याण्ड इन्टरनेट सेवालाई निरन्तरता दिदै यस बर्ष बाट आधारभूत बिद्यालयहरुमा पनि यसको बिस्तार थालनी गरिनेछ सथै Intranet (इन्ट्रनेट) को कार्यलाई पनि अघि बढाइने छ।
- **“सुशासन र पारदर्शिताका लागि सूचना”** कार्यक्रम लागु गरि सूचना र जानकारीहरुमा सरोकारवालाहरुको पहुँच सहज बनाउनको लागि विधुतीय सुशासन सहितको स्मार्ट स्थानीय तहको परिकल्पनालाई साकार बनाइने छ।
- कम्प्युटर, कम्प्युटर नेटवर्क , विद्युतिय उपकरण तथा सामाजिक सञ्जालक प्रयोगबाट हुने गैरकानुनी कार्यलाई (साइबर अपराध) निरूसाहित गर्न तथा यसको नियन्त्रणको लागि विद्यालय स्तरको “ **इन्द्रसरोवर डिजिटल साक्षरता”** कार्यक्रम लागु गरिनेछ।

- गाउँपालिकाबाट प्रदान गरिने सबै सेवा प्रवाहको लागि एकिकृत अनलाईन पोर्टल संचालनमा ल्याउन र विद्युतीय शुसासन कायम गर्न " **डिजिटल इन्द्रसरोवर**" गुरूयोजना निर्माण गरि कार्यप्रारम्भ गरिनेछ।
- स्थानीय संचार संस्थाहरु, रेडियो, पत्र पत्रिकाहरू, अनलाईन पत्रपत्रिकाहरू संग सहकार्य र स्थानीय टेलिभिजनको आवश्यकताको अध्ययन गरिनेछ।
- आन्तरिक पर्यटकहरुको प्रमुख गन्तव्यको रुपमा बिकसित हुदै गईरहेको इन्द्रसरोवर ताल तथा गाउँपालिका भित्र रहेका महत्वपूर्ण धार्मिक, ऐतिहासिक, पुरातात्विक, सामाजिक, साँस्कृतिक सम्पदा र विशेषतालाई समेटेर गाउँपालिका स्तरबाट पर्यटन सम्बन्धी Website (Portal) निर्माण गरि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार गरिनेछ।
- गाउँपालिका भित्रका सबै घरधुरी, व्यापार/ व्यवसाय, सार्वजनिक स्थान लगायत व्यक्तिगत विवरण एकै ठाउँमा हेर्न/अद्यावधिक गर्न र रिपोर्ट निकाल्नको लागि गाउँपालिक **डिजिटल प्रोफाईलको** निर्माण गरिनेछ।
- गाउँपालिका मातहतका सबै वडा कार्यालयहरू तथा स्वास्थ्य चौकीहरूको कार्यालयको सुरक्षा तथा दैनिक कामकाज, आर्थिक कारोवार, सेवाहरुलाई चुस्त, दुरुस्त राख्नको लागि CCTV Camera र Backup Line (Inverter) जडान गरि शान्ति सुरक्षाको प्रत्याभूतिको व्यवस्था गरिनेछ।
- Online मार्फत कर राजश्व तिर्न सक्ने व्यवस्थालाई प्रभावकारी रुपमा प्रयोगमा ल्याई राजश्व संकलनमा प्रभावकारिता ल्याइनेछ।
- यस गाउँपालिकाबाट प्रवाह गरिने सेवाहरु चुस्त दुरूस्त ढंगवाट सम्पादन गर्नको लागि संचालनमा रहेका सफ्टवेरहरू ( राजश्व, ई- अटेण्डेनस, ग्रुप एस. एम.एस) लाई निरन्तरता दिदै थप सफ्टवेरहरू (योजना, जिन्सी व्यवस्थापन, दर्ता चलानी, नक्सापास, कक्षा ८ को मार्कसिट) लाई थप गरिनेछ।
- महिला, बालबालिका तथा ज्येष्ठनागरिक साथै हिंसामा परेका महिला र जोखिममा परेका बालबालिकाहरुको हक हितको संरक्षणको लागि सेफ हाउसको अनुसन्धान गरी निर्माण प्रकृया अगाडि बढाइनेछ
- न्यायिक समितिका पदाधिकारी, न्याय सम्पादनमा संलग्न कर्मचारीहरु,मेलमिलापकर्ताहरु सहितको नमुना गाउँपालिका वा नगरपालिकाको अवलोकन भ्रमण गरिनेछ।
- गाउँपालिका स्तरिय मेलमिलापकर्ताहरुको छनोट तथा क्षमता अभिवृद्धि सम्बन्धी तालिमलाई निरन्तरता दिईनेछ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अन्त्यमा,

यो नीति तथा कार्यक्रम इन्द्रसरोवर गाउँपालिका विकासको मार्गचित्र र इन्द्रसरोवर निवासीको माग र आवश्यकताको प्रतिफल हो। यसलाई तयार गर्दा मैले राजनीतिक दल, कार्यपालिका सदस्य, राष्ट्रसेवक कर्मचारी, वुद्धिजीवि, शिक्षक, समाजसेवी, विकास साझेदार संघसंस्था लगायत सबै क्षेत्रको सल्लाह सुझावलाई समेट्ने प्रयास गरेको छु। नीति तथा कार्यक्रमको तर्जुमामा अमुल्य सुझाव दिनुहुने एवं सहयोग गर्नुहुने सम्पुर्णमा म हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट कोभिडको कारणले थिलथिलो भएको अर्थतन्त्रमा पुर्नउत्थान हुने, रोजारी सृजना हुने, कृषि उद्योग तथा सामाजिक विकासको माध्यमबाट सबै इन्द्रसरोवर निवासीको समुनति हुने तथा सामाजिक, आर्थिक, भौतिक, सांस्कृतिक लगायत सर्वाङ्गिण पक्षको विकास भई **"प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि,समतामूलक बिकास इन्द्रसरोवरको समृद्धि"** को हाम्रो लक्ष्य पुरा हुने अपेक्षा राखेको छु। तसर्थ नीति तथा कार्यक्रमको सफल कार्यान्वयन गर्नका लागि सम्पुर्ण गाउँसभा सदस्य ज्यूहरु, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारीहरु, वुद्धिजीविहरु, समाजसेवी, उद्योगी व्यवसायी, गैरसरकारी संघसंस्था, निजी क्षेत्र र सम्पुर्ण इन्द्सरोवर निवासी जनताको साथ र सहयोग प्राप्त हुने विश्वास लिएको छु।

**धन्यवाद !!!!**

**देवकृष्ण पुडासैनी**
**अध्यक्ष**
**इन्द्रसरोवर गाउँपालिका**
**असार १०, २०७९**